# स्थानीय राजपत्र

## भाग-२ खण्ड ६ संख्या ५

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

बागलुङ नगरपालिकाको बालबालिका सम्बन्धी नीति २०७९

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या ५, २०७९ असोज ०९

**भाग–२**

## बागलुङ नगरपालिका

"बागलुङ नगरपालिकाको बालबालिका सम्बन्धी नीति २०७९"

## निर्णय मिति : २०७९।१०।२७

### १.प्रस्तावना :

बालबालिकाहरुको चौतर्फी विकास वाट मात्र नगरपालिकाको समग्र विकास गर्ने भन्ने तथ्यलाई आत्मसात गर्दै नेपालको संविधानको भाग ३ को धार ३९ मा बालअधिकार सम्बन्धी र भाग १८ धारा २२६ मा व्यवस्था भए अनुसार नेपाल सरकार र प्रदेशबाट बालबालिका सम्बन्धी बन्ने कानुनसंग नबाझिने गरी मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा व्यवस्था भए अनुसार

बालबालिकाहरुको हक अधिकार संरक्षण र सम्वर्धन गर्न र यस नगरपालिकामा बिकासका गतिबिधिहरुमा बालबालिकाहरुलाई केन्द्रमा राखी नगरपालिकाका सबै वडाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४को परिच्छेद १५ दफा १०२मा भएको ब्यवस्था बमोजिमको अधिकार प्रयोग गरी **"बागलुङ नगरपालिकाको बालबालिका सम्बन्धी नीति, २०७९"** बनाइएको छ ।

## .खण्ड एक
## नाम र परिभाषा

२. यो बालबालिका सम्बन्धी नीतिको नाम **बागलुङ नगरपालिकाको बालबालिका सम्बन्धी नीति २०७९** रहनेछ । यो नगर कार्यपालिका र नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशित पश्चात तुरुन्त लागू हुनेछ ।

३. यस बालबालिलिका सम्बन्धी नीतिमा निम्न शब्दको निम्नानुसार परिभाषित गरिएको छ ।

**क**) "**बालबालिका**" भन्नाले जन्मे देँखि १८ वर्ष भित्रका ब्यक्ति भन्ने वुझिन्छ ।

**ख**) " **बालबालिका सम्बन्धी नीति**" भन्नाले यस **बागलुङ** नगरपालिकाले बनाई लागू गरेको बालबालिका सम्बन्धी नीति २०७९ लाई सम्झनु पर्दछ ।

**ग**) " **कर्मचारी**" भन्नाले **बागलुङ** नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**घ**) "**बालकल्याण अधिकारी**" भन्नाले बालअधिकार सम्बन्धी मुद्दा हेर्न तोकिएको कर्मचारी वा जनप्रतिनिधिलाई बालकल्याण अधिकारी सम्झनु पर्दछ ।

**ङ**) "**गुनासो सुनुवाइ कमिटी**" भन्नाले गुनासो वा उजुरी सुनेर सम्बोधन गर्नका लागि गठित समिति लाई जनाउँछ ।

**च**) "**बालसंरक्षण**" भन्नाले बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । बालसंरक्षणलाई उपेक्षा, हिंसा, दुर्व्यवहार, शोषण, बेचविखन, ओसारपसार र यातनाबाट बालबालिकालाई जोगाउनु हो ।

**छ**) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

**ज**) **"स्थानीय तह"** भन्नाले बागलुङ नगरपालिकालाई सम्झनु पर्दछ ।

झ) **"बालमैत्री स्थानीय शासन"** भन्नाले बालबचाउँ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बाल अधिकारका बिषयलाई स्थानीय तहको नीति, संरचना, कार्यप्रकृया, प्रणाली र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ ।

**ञ**) **"बालसमूह "** भन्नाले टोल तथा विद्यालयमा गठित बालसमुहलाई सम्झनु पर्दछ ।

**ट**) **"वडा बालसमूह संजाल"** भन्नाले वडाको टोल तथा बिद्यालयका बालसमूहहरुको प्रतिनिधिमूलक वडा स्तरीय गठित वडा बालसंमूह संजाललाई सम्झनु पर्दछ ।

**ठ**) **"नगर बालसमूह संजाल"** भन्नाले ११ वटा वडा बालसमूह संजालका प्रतिनिधिहरु वाट गठित नगरपालिका स्तरीय बालसमुह संजाललाई सम्झनु पर्दछ ।

**ड**) **"बालविवाह"** भन्नाले १८ बर्ष उमेर मुनी भएका विवाहलाई सम्झनु पर्दछ ।

**ढ**) **"शारिरीक शोषण"** भन्नाले पिट्नु, पोल्नु, भोकै राख्नु, अपहरण गर्नु बाध्नु, थुन्नु, जस्ता कार्यलाई सम्झनु पर्दछ ।

**ण**) **"यौन शोषण"** भन्नाले वलात्कार तथा आफुतिर अनावश्यक तरिकाले आकर्षित गर्नु, डरत्रास, धम्की, प्रलोभन जस्ता कार्य सम्झनु पर्दछ ।

**त**) **"भावनात्मक शोषण"** भन्नाले लज्जित पार्नु, वास्ता नगर्नु, समय नदिनु, निरुत्साहित पार्नु, भेदभाव गर्नु आदि सम्झनु पर्दछ ।

**थ)** **"<u>हानिकारक परम्परा</u>"** भन्नाले बालबालिकाको अधिकार अस्वीकार गर्ने जस्तैः बालबिवाह, गर्भपतन आदि सम्झनु पर्दछ ।

**द)** **"<u>निकृष्ट बालश्रम शोषण</u>"** भन्नाले बालबालिकालाई पढ्ने, खेल्ने अवसरवाट वञ्चित गराई उनीहरुको क्षमता भन्दा अधिक काम लगाउनु, बालबालिकालाई बेचबिखन कार्यमा संलग्न गराउनु, आदि सम्झनु पर्दछ।

**ध)** **"अपहरण"** भन्नाले कसैले कुनै बालबालिकालाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर, त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै बालबालिकालाई निजको मञ्जुरीविना वा बाबुआमा वा संरक्षकको मञ्जुरीबाहेक कुनै ठाउँमा लैजाने कार्य गरे अपहरण गरेको मानिनेछ ।

**न)** **"संरक्षण प्रणाली"** भन्नाले बालबालिका माथि भएका दुर्व्यवहार तथा हिंसाको सुनुवाइदेखि लिएर कारवाही चलाउने सम्बन्धमा स्थापित संयन्त्र वा कार्यप्रणालीलाई बुझिन्छ ।

**प)** **"मापदण्ड"** भन्नाले कार्यस्थलमा बालबालिकाको सरक्षण गर्ने उद्देश्यले बनाइएको आचार संहिता वा कार्य मापदण्डलाई बुझिन्छ ।

## ३.१ लक्ष्य र उद्देश्य

**३.१.१ लक्ष्य** : बागलुङ नगरपालिकाका बालबालिकाहरुको अधिकार सुनिश्चित गरी स्वस्थ्य र पूर्ण मानविय बिकासको प्रत्याभूति गर्ने ।

### ३.१.२ यस नीतिका निम्नानुसार उद्देश्य रहेका छन् ।

३.१.२.१ सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन गर्ने ।

३.१.२.२ सबै किसिमका शारिरिक, मानसिक, हिंसा, दुर्व्यवहार, क्षती, उपेक्षा, यौन दुर्ब्यवहार बाट बालकालिकालाई संरक्षण प्रदान गर्ने ।

३.१.२.३ बालअधिकारका सवालहरुको पहिचान रोक थाम र सम्बोधनकालागि नगरपालिका स्तरीय नीति गत मार्ग निर्देश गर्ने ।

३.१.२.४ बिकास सम्बन्धी हकको प्रबर्द्धन गर्ने ।

३.१.२.५ आधारभूत सेवा प्रवाह, बालबालिकाका लागि योजना तर्जुमासम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण बाल सहभागिताको हक प्रर्बधन गर्ने ।

३.१.२.६ समावेसी, आदरपूर्णभाव र समानताको अबसर प्रदान गर्ने ।

३.१.२.७ सबै किसिमका शारीरिक, मानसिक, हिंसा, क्षति, दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण प्रदान गर्ने ।

**३.१.२.८**.नगरपालिका क्षेत्रमा रहेका बालअधिकार क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने संघ/संस्था र निकायहरूलाई बालसंरक्षणको क्षेत्रको काममा समन्वय गर्ने ।

**३.१.२.९** बालअधिकारमा आँच (**नकारात्मक असर**) आउने वा संरक्षणमा खतरा पार्ने किसिमको काम कारवाही जनप्रतिनिधि, कर्मचारी, साझेदार वा आगन्तुक जोकोहिले गरे पनि तिनलाई व्यवस्थित सुनुवाइ प्रक्रियाबाट कार्यवाही गरी पीडितलाई न्याय भएको महसुस गराउने वातावरण तयार गरिने छ ।

नीतिगत

**३.२ यस सँग सम्बन्धित कागजातहरू** : यो बालबालिका सम्बन्धी नीति बालअधिकार महासन्धि १९८९, नेपालको संविधान , स्थानीय सरकार सञ्चालन ऐन २०७४ , बालबालिका सम्बन्धी ऐन ,२०७५तथा मुलुकी अपराध संहिता ऐन २०७४ ले बालबालिकाका अधिकारहरू प्रत्याभूति गर्न प्रदान गरेको अधिकार प्रयोग गरी यो बालबालिका सम्बन्धी नीति २०७६ निर्माण गरी लागू गरिएको हो ।

यो बालबालबालिका सम्बन्धी नीति लागू गर्नका लागि बनाइएका वा यसपछि बनाइने मापदण्ड (आचार संहिता) तथा कार्यविधि र निर्देशनहरू यही नीतिको अङ्गका रूपमा रहनेछन् ।

**३.३ लागू हुने क्षेत्र :** यो बालबालिका सम्बन्धी नीति, २०७९ यस बागलुङ नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्वयं सेवक, सेवाग्राही, अगान्तुकहरू र नगरपालिकासँग अल्पकालीन करार गरी काम गर्ने व्यक्ति, संस्था र संगठनमा लागू हुनेछ । त्यसैगरी यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरू, मदरसाहरू, बालगृह वा बालसंरक्षण गृहहरूमा समेत लागू हुनेछ ।

**३.४ सिद्धान्तहरू** : यो बालबालिका सम्बन्धी नीति निम्न सिद्धान्तमा आधारित भई कार्यान्वयन हुनेछ ।

१. बालबालिकाको बिकास सर्वोत्तम हित ।

२. बालबालिकलाई कुनै पनि किसिमको भेदभाव वा हानीबाट संरक्षण प्रदान गर्ने ।

३. बालसंरक्षणको जोखिम न्यूनीकरण र दिर्घ जीवन बिकासको ।

४. बालबालिका उपर दुर्व्यवहार , हिंसाकर्ता उपर शून्य सहनशीलता , बिचार र भावना कदर ।

# खण्ड दुई

## बालअधिकार सम्बन्धमा नगरपालिकाको अवस्था र विगतमा गरिएका प्रयासहरु

४. बालअधिकार सम्बन्धमा बागलुङ नगरपालिकाको अवस्था र विगतमा गरिएका प्रयासहरूको सम्बन्धमा चर्चा गर्नु पर्दा हालको नगरपालिकामा समावेस भएका साविकका गाउँ विकास समिति हुँदा देखि नै बालअकिारको क्षेत्रमा विभिन्न प्रयासहरू भइरहेको पाइएको छ । ती प्रयासहरू निम्नानुसार रहेकाछन ।

१) सुचकको अवस्था पहिचानका लागि घरधुरी सर्वेक्षण कार्य पुरा

२) नगर स्तरीय ऋीन अवलम्बन तथा घोषणाका लागि २ दिने अभिमुखिकरण कार्य सम्पन्न

३) बालमैत्री स्थानीय शासन नगर समिती गठन

४) वडा स्तरीय ऋीन अवलम्बन तथा घोषण सम्वन्धी अभिमुखिकरण सम्पन्न र वडा बालमैत्री स्थानीय शासन समिति गठन

५) विद्यालय, टोल (समुदायमा) बालसमूह गठन

६) विद्यालय र समुदायमा बालसमूहको प्रतिनिधीमूलक प्रत्येक वडामा १।१ वटा बालसमूह संजाल गठन

७) नगर तथा वडा बालअधिकार समिति गठन तथा नियमित बैठक तथा समिक्षा भैरहेको

८) बालमैत्री नगर सहजकर्ता एक जना नियुक्त

९) बालमैत्री नगर सम्पर्क व्यक्ति एक जना चयन

१०) प्रत्येक वडामा ऋीन का ५१ वटा सुचकको अवस्था प्रारम्भिक चरणमा मापन

११) प्रत्येक वडाका बालबालिकाका लागि आवधिक ३ वर्षीय लगानी योजना स्थलगत रुपमा निर्माण

१२) नगर सभाद्वारा ऋीन अवलम्बन तथा घोषणाका लागि निर्णय

१३) कार्यपालिकाद्वारा ऋीन संग सम्बन्धी ७ वटा नितिगत निर्णय

१४) प्रत्येक वडामा ऋीन व्यवस्थापनका लागि एक एक जना बालमैत्री सहजकर्ता चयन

१५) सुचक प्राप्तिका लागि सन्देशमूलक विभिन्न साइनवोर्ड, पर्चा, पम्प्लेट आदि तयारी

१६) स्थलगत अनुगमन कार्य भईरहेको

१७) चेकलिस्ट सहित स्थलगत नमुना अनुगमन गरेको

१८) टोल, विद्यालय, वडा र नगर स्तरमा गठित बालसूहहरुको नियमित बैठक सञ्चालन

१९) निगरानी समूहको गठन र नियमित सक्रिय (सरोकारवालाको समन्वय सञ्जाल)

२०) महिला स्वयंसेविका र स्वास्थ्य आमा समूहको नियमित वैठक र सरोकारवालासंगको छलफल तथा अन्तरक्रिया

२१) प्रत्येक वडामा नगरपालिका स्तरको ३ वटा अनुगमन टोली निर्माण गरी टोल वस्ती र सस्थाहरुको सघन अनुगमन गरी देखिएका कमजोरीमा समिक्षा गरी सुधारका लागि सुझाव प्रदान गरिएको

२२) अनुगमनको क्रममा प्रस्तुत गरिएका सुझावहरु कार्यान्वयन भए नभएको पुन अनुगमन गर्दा प्रभावकारी सुधार भएको

२३) वडा स्तरीय बाल बस्तुगत विवरण तयार गरी अद्यावधिक समेत गरिएको

२४) कार्य सम्पादन समिक्षा तथा कागजात व्यवस्थापन सम्वन्धी २ दिने कार्यशाला सञ्चालन गरी हरेक वडामा ३३ वटा फाईल व्यवस्थापन भएको

२५) विभिन्न सुचक अनुसारको सुचनामुलक पर्चा पम्प्लेट सुचना वोडको वितरण तथा टाँस गरिएको

२६) बालमैत्री घोषित पर्वत जिल्लाको पैयूँ गाँउपालिकाको वडा नम्वर ७ मा अध्ययन अवलोकन भ्रमण गरी राम्रा सिकाईहरु लाई कार्यान्वयन गरिएको

२७) गल्कोट नगरपालिकाको बालमैत्री घोषणा समारोहमा अवलोकन भ्रमण गरिएको

२८) प्रसुती पश्चात नवजात शिशु र आमाको ३ पटक स्वस्थ्य जाँचका लागि स्वास्थ्य कर्मी परिचालन गरिएको

२९) बालबालिकाका लागि तयार गरिएको आवधिक लगानी योजनालाई कार्यपालिका द्धारा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।

## ५.बालअधिकारका सवाल, चुनौति तथा अबसरहरू

५.१ सवाल र चुनौतीहरु

क) बालविवाह पूर्ण रुपमा न्युनीकरण हुन नसकेको ।

ख) निकृष्ट बालश्रम पूर्ण रुपमा न्युनीकरण हुन नसकेको ।

ग) सबै सरोकारवालाहरुको सहयोग पूर्ण रुपमा हुन नसकि रहेको अवस्था विद्यमान छ ।

घ) बालबालिकाहरु प्रति वयष्कहरु जिम्वेवारमा कमी ।

ङ) योजना तर्जुमा वाट बालबालिकाको सवाल पूर्ण नसमेटिएको ।

च) शुद्ध सफा खानेपानीको पहुँचमा कमी रहेको ।

छ) अधिकांश बालबालिकामा पोषण युक्त खानाको पहुँच नभएको ।

ज) मोवाईल फोन तथा अन्य बिधुतीय उपकरणको अनाबश्यक प्रयोग भएको ।

झ) बालबालिकाका अभिमावकहरुको परम्परागत शैलीमा सुधार ल्याउन नसकिएको ।

ञ) नगरपालिकाको स्वास्थ्य संस्थाहरुको ब्यवस्थापनमा कमी ।

ट) अभिभावहरुमा बालमैत्री ब्यवहारको बारेमा जानकारीको कमी ।

ठ) विकास निर्माणलाई बालमैत्रीसंग पूर्ण रुपमा नजोडिएको ।

## ५.२ अवसरहरु

क) स्थानीय तह गठन भई अधिकाशं निर्वाचित जनप्रतिनिधि पदाधिकारीहरुलाई बालअधिकारसम्बन्धी जानकारी र चासो भएको कारणले बालमैत्री स्थानीय शासन अवलम्बन गर्न सहजता भएको ।

ख) यस बागलुङ नगरपालिकाको सभावाट बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन तथा घोषणाको लागि नीति तथा कार्यक्रममा समावेश छ ।

ग) बालबालिकाको क्षेत्रमा काम गर्ने बिकास साझैदारहरुको आर्थिक तथा प्राविधिक सहयोगको अबसरहरु लिन सक्ने अवस्था रहेको छ ।

घ) एउटा उखानै छ " एक वर्षको समृद्धि चाहनु हुन्छ भने अन्न बाली रोप्नुहोस । दश वर्षको समृद्धि चाहनु हुन्छ भने रुख विरुवा रोप्नुहोस । अनन्तकाल सम्मको समृद्धि चाहनु हुन्छ भने बालबालिकामा लगानी गर्नुहोस" भन्ने नारा चरितार्थ गर्ने अवसर जुटेको छ ।

ङ) देशमा बालअधिकारलाई संस्थागत गर्नका लागि नेपालको मूल कानुन (**संविधानको**) माग ३ मौलिक हक धारा ३९ को उपधार १० वटा बालहक अधिकारको बारेमा व्यवस्था भएको छ । जसलाई स्थानीय वडा, नगर मा कार्यान्वयनका लागि, स्थानीय तहहरु संचालन का लागि बनेको **स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ दफा १२ को ग** मा वडा समितिको काम, कर्तव्य र अधिकार तोकी दिए अनुसार वडा बालमैत्री बनाउने व्यवस्थालाई पुरा गर्ने अवसर आएको छ ।

च) वडा बालमैत्री हुँदा जन प्रतिनिधिज्यूहरुको काम कर्तव्य मध्ये अधिक्तम कार्य पुरा हुने देखिन्छ । र जन प्रतिनिधिज्यूहरुले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने एउटा पुलको भूमिका बालमैत्री स्थानीय शासन (ऋीन) अवधारणाले खेलेको धेरै उदाहरणहरु छन् ।

जसले गर्दा खुद जन प्रतिनिधिज्यूहरुलाई आफ्नो काम प्रति आत्म सन्तुष्टि भई जनमानसमा थप लोक प्रियता हासिल गर्ने अवसर पनि छ ।

# खण्ड तीन

## नीतिको आवश्यकता, नीति, रणनीति तथा कार्यनीतिहरु :

### ६. नीतिको आवश्यकता

बालबालिकाका लागि स्थानीय तहको शासन प्रकृया अनुकूल बनाउने तथा बालबालिकाको लागि हुनसक्ने हानीहरूबाट सुरक्षित हुने अवस्था सिर्जना गर्नका लागि स्थानीय सरकारको रूपमा काम गरिरहेको बागलुङ नगरपालिकाले बालबालिकालाई केन्द्र भागमा राखी काम गर्ने नीतिको आवश्यक महसुस गरी यो बालबालिका सम्बन्धी नीति बनाई लागू गरेको छ । यसबाट आगामी दिनमा आवश्यक निर्देशिका,कार्यविधि वा मापदण्ड बनाई लागू गर्न आधार बन्नेछ । साथै, यस नगरपालिकाको बालबालिका सम्बन्धी नीतिलाई मूल नीति मानेर नगरपालिकामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरू, मदरसाहरू, बालगृहहरूले समेत लागू गर्ने आधार बन्ने छ ।

### ७.नीतिहरू

बालअधिकारका लक्ष्य र उद्देश्य पूरा गर्ने, चुनौतीलाई सामना,सम्बोधन तथा अबसर लिन निम्न नीति तथा रणनीति र सोही अनुसारको कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

**७.१ बालबचाउँ सम्बन्धी नीतिहरु :**

**नीति नं. ७.१.१ : जन्मे देखि छ महिना सम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको ( आमाको दुध मात्रै खुवाएको) हुनु पर्ने नीति अवलम्बन गरिने छ ।**

७.१.१.१ **रणनीति :**

१. ६ महिना देखि १ बर्षसम्मको सुत्केरी भएको आमाको संख्याको अभिलेख तयारी तथा अध्यावधिक गर्ने ।

२. जन्मिएको १ धण्टा भित्र आमाको दुध (विगौती) खाएको नव शिशुको अभिलेख तयारी तथा अध्यावधिक गर्ने

३. ६ महिना सम्म आमाको दुध मात्र खाएको शिशुको अभिलेख तयारी तथा अध्यावधिक गर्ने ।

७.१.१.२ **कार्यनीतिहरु** :

१. महिला स्वास्थ्य स्वंयसेविका र स्वास्थ्य कर्मी मार्फत टोल टोलमा गर्भवती र सुत्केरीहरु संग प्रारम्भिक बाल बिकासको वारेमा अन्तरक्रिया गर्ने ।

२. महिला स्वास्थ्य स्वंय सेविका र स्वास्थ्यकर्मी द्वारा गर्भवती तथा सुत्केरी आमाहरुको अनुगमन गर्ने ।

३. आमा समुह तथा महिला सहकारीहरुको बैठकमा प्रारम्भिक बाल बिकासको बारेमा अन्तरक्रिया गर्ने ।

४. महिला स्वास्थ्य स्वंयसेविका मार्फत नियमित रुपमा सूचनाको संयन्त्रको संजालको विकास गर्ने ।

५. गर्भावती अवस्थामा पोषिलो खाना खादाँ हुने फाईदा र नखादाँ हुने वेफाईदाको वारेमा सचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने ।

६. सिमान्तकृत परिवारमा भएको गर्भवतीहरुको लागि पोषणयुक्त खानको व्यवस्थापन गर्ने ।

७. पोषिलो खाना बनाउने तरिकाहरुको वारेमा सचेतना कार्यक्रमहरु गर्ने ।

**नीति नं.** ७.१.२ : १५ महिना भित्रका बालबालिकालाई पूर्ण रुपमा (बिसिजि, डिपिटी, हेपाटाईटिस बि, हिब बी, पोलियो, दादुरा) सबै खोप पुरा गरी घोषित पूर्ण खोपलाई निरन्तरता दिने नीति अवलम्बन गरिने छ ।

७.१.२.१ रणनीति :

१. २३ महिनासम्मका बालबालिकाहरुको संख्याको अभिलेख नियमित रुपमा अध्याबधिक गर्ने ।

२. खोप पाउने सम्पुर्ण बालबालिकाहरुको  खोप कार्डको व्यवस्थालाई थप व्यवस्थित गरी अनिवार्य  गर्ने ।

३. खोप रजिस्टरमा खोप लगाएको विवरणको अभिलेख नियमित रुपमा अध्यावधिक भएको हुने ।

७.१.२.२ कार्यनीति :

१. महिला स्वास्थ्य स्वयं सेविकाहरु मर्फत आवश्यक तथ्याँङक अध्यावधिक गर्ने ।

२. पूर्ण खोपको निरन्तरताको लागि प्रत्येक चैत्र मसान्तभित्र खोपको वारेमा प्रचार प्रसार ( माईकिङ्ग, रेडियो टेलिभिजन र पत्रपत्रिकामा) गर्ने ।

३. खोपमा भाग नलिने घर परिवारलाई पत्राचार गरी पहिलो चोटिलाई सचेत गराउने यदि पटक पटक अटेर गरि बसेको भेटिएमा नगरपालिकाको सेवा सुविधावाट बन्चित गर्ने ।

**नीति नं.** ७.१.३ ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल र १ देखि ५ वर्ष सम्मका बालबालिकालाई जुकाको औषधी खुवाएको हुनुपर्ने नीति अबलम्बन गरिने छ ।

७.१.३.१ **रणनीति :**

१. ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरुको संख्याको अभिलेख नियमित रुपमा अध्याबधिक गर्ने ।

२. भिटामिन ए क्याप्सुल र जुकाको ओषधि पाउने सम्पूर्ण बालबालिकाहरुको  खोप कार्डको व्यवस्थालाई थप व्यवस्थित गरी अनिवार्य  गर्ने ।

३. रजिस्टरमा भिटामिन ए क्याप्सुल र जुकाको औषधि खाएको विवरणको अभिलेख नियमित रुपमा अध्यावधिक भएको हुनु पर्ने ।

४.खोप अभियान गर्दा छुटेका बालबालिकाको अभिलेख तयार गरी पन: खोपको बयवस्था गर्ने ।

७.१.३.२ **कार्यनीति** :

१. महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत आवश्यक तथ्याँक अध्यावधिक गर्ने ।

२. पुर्ण खोपको निरन्तरताको लागि प्रत्येक चैत्र मसान्त भित्र खोपको वारेमा प्रचार प्रसार ( माईकिङ्ग, रेडियो टेलिभिजन र पत्रपत्रिकामा) गर्ने ।

३. खोपमा भाग नलिने घर परिवारलाई पत्राचार गरि पहिलो चोटिलाई सचेत गराउने यदि पटक पटक अटेर गरी बसेको भेटिएमा नगरपालिकाको सेवा सुविधा वाट बन्चित गर्ने ।

४.खोप अभियान गर्दा छुटेका बालबालिकाको अभिलेख तयार गरी पुनः  खोपको बयवस्था गर्ने ।

**नीति नं.** ७.१.४ : गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको हुनु पर्ने नीति अवलम्बन गर्ने ।

७.१.४.१ **रणनीति :**

१. गर्भवतीहरुको संख्याको अभिलेख नियमित रुपमा अध्याबधिक गर्ने ।

२. प्रसुती केन्द्रको व्यवस्थापन गर्ने ।

३. स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्य कर्मी संग सुत्केरी भएको विवरणको अभिलेख नियमित रुपमा अध्यावधिक भएको हुने ।

७.१.४.२ **कार्यनीति :**

१. महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत आवश्यक तथ्याङक अध्यावधिक गर्ने ।

२. प्रसुती केन्द्रमा सुत्केरी गराए वापत पाउने फाईदाहरुको वारेमा अन्तरक्रिया, सचेतना तथा प्रचार प्रसार ( माईकिङ्ग, रेडियो टेलिभिजन,घरदैलो र पत्रपत्रिकामा) गर्ने ।

३. प्रसुति केन्द्रमा सुत्केरी गराए वापत न्यानो  झोला र पोषण खर्च तोकी उपलव्ध गराउने ।

४. सुनौलो हजार दिनको कार्यक्रम संचालन र गर्भवतीको घर पहिचानका लागि हरियो झण्डा जडान गर्ने ।

५. गर्भवती रहेको घर परिवारलाई पत्राचार गरी अग्रिम रुपमा सेवा सुविधाको सचेत गराउने। यदि अटेर गरी बसेको भेटिएमा नगरपालिकाको सेवा सुविधा वाट बन्चित गर्ने ।

**नीति नं.** ७.१.५ : गर्भवती महिलाहरुले कम्तीमा प्रसुति पूर्व चार पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक जाँच गराएको र अण्डा वितरण हुनु पर्ने नीति अवलम्बन गर्ने ।

७.१.५.१ **रणनीति :**

१. प्रसूति पूर्व चार पटक गर्भ जाँच गराएको कार्ड भएको संख्याको अभिलेख नियमित रुपमा अध्याबधिक गर्ने

२. आमा र नवजात शिशुको स्वास्थ्य जाँच गराउने सुत्केरीको संख्याको अभिलेख नियमित रुपमा अध्याबधिक गर्ने ।

३. स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्य कर्मी संग सुत्केरी भएको विवरणको अभिलेख नियमित रुपमा अध्यावधिक भएको हुने ।

७.१.५.२ **कार्यनीति :अण्डा वितरण तथा कार्यनीति नं.** ७.१.१.२ र ७.१.४.२ मा भएको विषय बस्तुहरुमा समेटने ।

**नीति नं**. ७.१.६ : गर्भवती महिलाले टिडी बिरुद्धको २ वटा खोप लगाएको हुनु पर्ने नीति अवलम्बन गर्ने ।

**७.१.६.१ रणनीति** : रणनीति नं. ७.१.४.१ मा भएको विषय बस्तु समेटने ।

**७.१.६.२ कार्यनीति** : कार्यनीति नं. ७.१.४.२ मा भएको विषय बस्तु समेटने ।

**नीति नं.** ७.१.७ : एच्.आई भि संक्रमित आमा बाट जन्मिएका सबै बालबालिका हरुलाई ब्च्ख एचयउजथबिहष्क दिएको हुनुपर्ने नीति अवलम्बन गर्ने ।

७.१.७.१ **रणनीति :**

१. एच्.आई भी संक्रमित आमाको संख्याको अभिलेख भएको हुनु पर्ने ।

२. एच.आई.भी. संक्रमित आमा बाट जन्मिएको बालबालिका संख्याको अभिलेख भएको हुनु पर्ने ।

३. ए.आर.भी पोफाईल ल्याक्सीस लिने बालबालिका संख्याको अभिलेख भएको हुने ।

७.१.७.२ **कार्यनीति :**

१. पी.एम.सि.टी किटको आवश्यक मात्रामा व्यवस्था गर्ने र सो को सहज रुपमा उपलब्ध गराउने ।

२. महिला स्वा..स्वयम् सेविकालाई ज्क्ष्ख बारे क्षमता बिकास तालिम दिने ।

३. महिला स्वा..स्वयम् सेविका मार्फत टोल,टोलमा ज्क्ष्ख बारे सचेतना जगाउने ।

**नीति नं.** ७.१.८ : सबै घरधुरीमा शुद्ध खानेपानीको सुबिधा दिने नीति अबलम्बन गरिने नीति लिईनेछ ।

७.१.८.१ **रणनीति :**

१. प्रत्येक घरधुरीमा पिउने योग्य पानीको पहुचमा ल्याउने ।

२. पानीको शुद्धिकरणको लागि पानी जाँचको व्यवस्था मिलाउने ।

७.१.८.२ **कार्यनीति :**

१. खानेपानीको मुहान संरक्षण, सरसफाई कार्यक्रमहरु संचालन गर्ने ।

२. खानेपानीको जाच नियमित गर्ने कार्यक्रम संचालन गर्ने ।

३. पानी शुद्धिकरणका घरेलु उपाय बारेमा टोल टोल र विद्यालयहरुमा अभिमुखिकरण गर्ने ।

४. खानेपानी आयोजनाहरु संचालन गर्ने ।

५. खानेपानी धारा बालमैत्री बनाउने ।

**नीति नं.** ७.१.९ सबै घरमा शौचालयको व्यवस्था भई नियमिति रुपमा प्रयोग भई साबुन पानीले हात धुने ( चर्पी गए पछि, खाना खानु अगाडि र बालबालिकाको दिसा धोए पछि) परिपाटीको बिकास भएको नीति अवलम्बन गर्ने ।

७.१.९.१ **रणनीति :**

१. शौचालय भएको घरधुरी संख्याको अध्याबधिक भएको अभिलेख राखेको हुने ।

२. शौचालयमा साबुन पानीको व्यवस्था भएको घरधुरी संख्याको अध्याबधिक अभिलेख राखेको हुने ।

३. सबै विद्यालयमा छात्रछात्राको लागि छुट्टा छुट्टै साबुन पानी सहितको शौचालयको व्यवस्था भएको हुने ।

७.१.९.२ **कार्यनीति :**

१. बिद्यालय र बस्ती स्तरीय हात धुने आनीबानी परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने ।

२. बिश्व तथा राष्ट्रिय सरसफाई सप्ताह दिवस, पानी दिवसको अवसरमा कार्यक्रमहरु संचालन गर्ने ।

नीति नं. ७.१.१०. सुरक्षित मातृत्वको सुनिश्चता गर्ने :

७.१.१०.१ **रणनीति :**

१. गर्भावस्थाको पोषण र आवश्यक खोपको व्यवस्थापन

२. सुरक्षित सुत्केरी गराउने व्यवस्था गराउने

३. नवजात शिशुको खोप तथा स्तनपान गराउने आमाको पोषण र स्वास्थ्य परिक्षणको प्रबन्ध ।

४. उपयुक्त पारिवारिक वातावरण सृजना गरी पुरुषको भुमिकालाई अझ जिम्बेवार बनाउने ।

७.१.१०.२ कार्यनीति

१. गर्भवती भएको घर परिवारलाई सचेतना अभियान संचालन गर्ने ।

२. नयाँ दाम्पतीलाई प्रारम्भिक बाल विकासको बारेमा अन्तरकृया गर्ने ।

७.२ **बालसंरक्षण सम्बन्धी नीतिहरु :**

**नीति नं.** ७.२.१ पाँच बर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता सुनिश्चितता हुने नीति अवलम्बन गरिनेछ ।

७.२.१.१ **रणनीति :**

१. पाँच बर्ष मुनिका बालबालिकाको अध्यावधिक संख्याको अभिलेख राखेको हुने ।

२. जन्मदर्ता नि:शुल्क गर्ने ।

३. बिद्यालय भर्नामा जन्म दर्ता अनिवार्य गर्ने ।

७.२.१.२ **कार्यनीति :**

१. वडा कार्यलयमा नियमित रुपमा जन्म दर्तालाई निरन्तरता दिने ।

२. टोल स्तरीय जन्म दर्ता अभियान र सचेतना कार्यक्रम संचालन गर्ने ।

३. बालसमूह मार्फत घरदेलो कार्यक्रम संचालन गर्ने ।

४. विशेष परिस्थितीमा रहेका बालबालिकाको बैकल्पिक माध्यम वाट जन्म दर्ता गर्ने।

**नीति नं.** ७.२.२ बालबिवाह मुक्त नगर स्थापना गर्ने नीति अवलम्बन गर्ने ।

७.२.२.१ **रणनीति :**

१. आधार बर्षमा विवाह भएको संख्याको अध्यावधिक अभिलेख भएको हुने ।

२. १९ र २० वर्षको उमेरमा विवाह भएको संख्याको अध्यावधिक अभिलेख भएको हुने ।

३. १८ वर्ष मुनीको उमेरमा बिवाह भएको अध्याबधिक अभिलेख भएको हुने ।

७.२.२.२ **कार्यनीति :**

१. बालबिवाहको अवस्था गणना गर्ने ।

२. बालमैत्री सम्पर्क शिक्षकलाई बालविवाहको बारेमा तालिम संचालन गरी न्यूनीकरणको लागि बिद्यालयमा बालविवाह सम्बन्धी चेतना सत्र संचालन गर्ने ।

३. बालबिवाह विरुद्ध बालसमूह, बालसमूह सञ्जाल, आमा समूह, अभिभावकहरुमा कानुनी छलफल गर्ने ।

४.बालबिवाह, निकृष्ट बालश्रम, बालहिंसा जस्ता कार्यक्रम बिद्यालय अभिभावक संघ संस्था प्रहरी प्रशासन संग अन्तरक्रिया गर्ने ।

४. बालविवाह मुक्त टोल, वडा र नपा घोषणा गरी होर्डिङ्ग बोर्डहरु राख्ने ।

**नीति नं.** ७.२.३ निकृष्ट प्रकारको बालश्रमको दर घटाई बालश्रम मुक्त नगर घोषणा गर्ने नीति अवलम्बन गर्ने ।

७.२.३.१ **रणनीति :**

१. १० देखि १८ बर्ष मुनिका बालबालिका संख्याको अध्यावधिक तथ्याङ्क भएको हुने ।

२. १४ बर्ष भन्दा कम उमेरमा निकृष्ट बालश्रममा रहेका बालबालिकाहरुको संख्याको अध्यावधिक तथ्याँक भएको हुने ।

३. निकृष्ट बालश्रमिक पुर्नस्थापनको योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

४. निकृष्ट बालश्रम, बाल कार्य र जोखिम पूर्ण कार्यको वारेमा अभिभावकरुलाई सचेतीकरण गर्ने

५.बालश्रम न्यूनीकरणको लागि व्यवसायीहरु (संचालकहरु) लाई सचेतीकरणतथा प्रतिबद्धता गर्ने ।

७.२.३.२ **कार्यनीति :**

१. निकृष्ट बालश्रमिकको गणना गर्ने ।

२. निकृष्ट बालश्रममा रहेका बालबालिकाहरुको अभिभावक संग अन्तरक्रिया गर्ने ।

३. बालश्रम सम्बन्धी बालसमूह, बालसमूह सञ्जाल, आमा समूह, महिला समूह संग अन्तरक्रिया गर्ने ।

४. बालश्रम निषेधित क्षेत्रहो भनी सार्बजनिक स्थानहरुमा सुचना बोर्ड टाँस गर्ने ।

५. होटल, कलकारखनामा बालश्रममा लगाएको छैन भनी सम्बन्धित स्थानहरुमा प्रतिवद्धता सहितको सूचना पाटी राख्ने ।

६. असहाय अनाथ बालश्रमिक पुर्नस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।

७. निकृष्ट बालश्रम हुने सम्भावित स्थानहरुको नियमित अनुगमन गर्ने ।

८.निकृष्ट बालश्रम, बाल कार्य र जोखिम पूर्ण कार्यको वारेमा अभिभावकरुलाई सचेतीकरण गर्न कार्यक्रम गर्ने

९.निकृष्ट बालश्रम न्यूनीकरणको लागि व्यवसायीहरु (संचालकहरु) लाई सचेतीकरण गर्न कार्यक्रम गर्ने ।

**नीति नं.** ७.२.४ घर परिवार र समुदाय बाट बालबालिका बिरुद्ध हुने हिंसा, बेच बिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।

७.२.४.१ **रणनीति :**

१. हिंसा गणना भएको हुने ।

२. महिला बालबालिका र किशोर किशोरीकोलागि बालअधिकार सम्बन्धीको कार्यक्रम गर्ने ।

३. बालअधिकार सम्बन्धीको कार्ययोजना कार्यान्वयनमा ल्याउने ।

७.२.४.२ **कार्यनीति :**

१. महिला अधिकारकर्मी, संघ सस्था, सहकारी र अन्य सबै सरोकारहरुको सहभागितामा कार्यशाला गोष्ठी गरी कार्ययोजना निर्माण गर्ने ।

२. मिडिया द्वारा प्रचार प्रसार गर्ने ।

३. मदिराको सिमित ठाउँ तथा निश्चित समयमा बिक्री वितरणका लागि सामाजिक नियम बनाई व्यवस्थित गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

४. टोल स्तरीय भेला गरी सचेतना कार्यक्रम संचालन गर्ने ।

५. सचेतना र्‍याली गर्ने ।

६. कार्यान्वयनको अबस्था अनुगमन गर्ने ।

७. विपद्को परिस्थितीमा बालबालिकाको संरक्षणलाई प्राथमिकता दिने ।

८. आत्मरक्षा तालिम संचालन गर्ने ।

**नीति नं.** ७.२.५ बालसंरक्षण सम्बन्धी समुदायमा आधारित बालअधिकार सम्बन्धी प्रणाली लाई संचालनमा ल्याईएको हुनेछ ।

७.२.५.१ **रणनीति :**

१. बालअधिकार समितिको नियमित बैठक बस्ने ।

२. बालअधिकार कार्ययोजना कार्यान्वयन गर्ने ।

३. स्थानीय प्रहरी निकायमा बालबालिका सेल स्थापना भएको हुने ।

७.२.५.२ **कार्यनीति :**

१. बालअधिकार समितिको बैठक मासिक रुपमा नियमित बस्ने ।

२. बालअधिकार समिति र बालमैत्री स्थानीय शासन समितिलाई क्षमता बिकासको तालिम दिने ।

३. खुद्रा पसले संग अन्तरक्रिया गरी बालबालिकालाई सुर्ति जन्य पदार्थ बिक्री वितरणमा रोक तथा प्रतिबद्धता गराउने र बोर्ड टाँस गर्ने ।

४. बालअधिकार समितिले बालसंरक्षणको अबस्थाको नियमित अनुगमन गर्ने ।

## ७.३. बालबिकास सम्बन्धीका नीतिहरु :

**निति नं.** ७.३.१ तिन देखि चार बर्ष सम्मका सबै बालबालिकाहरु प्रारम्भिक बालबिकास कक्षामा भर्ना भएका हुने नीति अवलम्बन गर्ने ।

७.३.१.१ **रणनीति :**

१. तिन देखि ४ बर्ष सम्मको बालबालिकाको संख्या अध्याबधिक भएको अभिलेख राखेको हुने ।

२. बालविकास केन्द्रको संख्या अध्याबधिक भएको अभिलेख राखेको हुने ।

३. तिन देखि ४ बर्ष सम्मको बालबालिकाहरु बालविकास केन्द्रमा जाने बालबालिकाको संख्या अध्याबधिक भएको अभिलेख राखेको हुने ।

४. बालबिकास केन्द्रमा बालबालिका भर्ना रजिष्टर भएको हुने ।

**७.३.१.२ कार्यनीति :**

१. तथ्याङ्क अध्यावधिक गर्ने ।

२. बालबिकास केन्द्रको अवस्था अनुगमन गर्ने ।

३. बालविकास केन्द्रमा भर्नाको लागि अभिभावकको घरदैलो कार्यक्रम र अन्तरक्रिया गर्ने ।

४. बालविकासका स.का.हरुलाई क्षमता विकास तालिम दिने ।

५. बालविकास केन्द्रहरुलाई पूर्वाधार, शैक्षिक सामग्री तथा खेलकुद सामग्री उपलब्ध गराउने ।

६. बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था गर्ने ।

**नीति नं.** ७.३.२ कक्षा १ का लागि विद्यालय जाने उमेर समूहका सत प्रतिशत बालबालिकाहरु बिद्यालय भर्ना भएको हुनु पर्ने ।

७.३.२.१ **रणनीति :**

१. पाँच बर्ष उमेर समूहका बालबालिकाको संख्या अध्याबधिक भएको अभिलेख राखेको हुने ।

२. पाँच बर्ष उमेर समूहका बालबालिकाहरु कक्षा १ मा भर्ना भएका अध्याबधिक भएको अभिलेख राखेको हुने

३. बिद्यालयमा बालमैत्री वातावरण निर्माण गर्ने ।

७.३.२.२ **कार्यनीति :**

१. तथ्याँक अध्याबधिक गर्ने ।

२. प्रतिवर्ष बिद्यालय भर्ना अभियान र घरदैलो कार्यक्रम गर्ने ।

३. बालमैत्री शिक्षण गर्न तालिम संचालन गर्ने ।

४. बिद्यालय बालमैत्री स्थानीय शासन घोषणाको लागि कार्ययोजना बनाउने

५. बिद्यालयले बिद्यार्थी स्वागत कार्यक्रम संचालन गर्ने ।

६. कमजोर बिद्यार्थीलाई अतिरिक्त कक्षा सत्रको व्यवस्था गर्ने ।

७. अभिमावकलाई स्वागत सम्मान कार्यक्रम संचालन गर्ने ।

८. बोलाउ, सिकाउ, टिकाउ र विकाउ अवधारणा अवलम्बन गर्ने

**नीति नं.** ७.३.३ पाँच देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा कक्षा (१ देखि कक्षा ८ सम्म) अनिवार्य रुपमा पाएको हूने नीति अवलम्बन गर्ने ।

७.३.३.१ **रणनीति :**

१. ५ देखि १२ बर्ष उमेर समूहका बालबालिकाको संख्या अध्याबधिक भएको अभिलेख राखेको हुने ।

२. कक्षा १ देखि ८ सम्म भर्ना र उतिर्ण भएको अध्यावधिक अभिलेख भएको हुने ।

७.३.३.२ **कार्यनीति :**

१. अभिभावकहरुलाई आधारभुत सम्मको शिक्षा निशुल्क र अनिवार्य भएकोले सो पुरा नगरेको खण्डमा भविष्यमा राज्य बाट पाउने कुनैपनि सुविधा नपाउने वारेमा सचेत गराउने कार्यक्रम संचालन गर्ने ।

२. तथ्याँक अध्यावधिक गर्ने ।

३. टोल भेला गरी आधारभुत कक्षा अनिवार्य र निशुल्कको वारेमा सचेतना कार्यक्रम संचालन गर्ने ।

४. जेहेन्दार विद्यार्थलाई सम्मान गर्ने ।

५. बिद्यालयले घरदैलो गरी बिद्यार्थीको समस्या बुझ्ने

**नीति नं.** ७.३.४ औपचारिक शिक्षा बाट बंचित बालबालिका लाई अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हूनेछ

७.३.४.१ **रणनीति : रणनीति नं.** ७.३.४.१ मा भएको विषय बस्तुहरु समेटने ।

७.३.४.२ **कार्यनीति :**

१. तथ्याँक अध्याबधिक गर्ने ।

२. आवश्यक्ता अनुसार अनौपचारिक कक्षा संचालन गर्ने ।

३. बालअधिकार दिवसको आयोजना गर्ने ।

**नीति नं.** ७.३.५ प्रत्येक बिद्यालयमा छात्र/छात्राका लागि अलग अलग शौचालयको व्यवस्था भएको हुने ।

७.३.५.१ **रणनीतिः**

१. बिद्यालयको शौचालयको अनुगमन गर्ने ।

२. छात्रा मैत्री (सेनेटरी प्याडको उचित व्यवस्थापन सहितको) शौचालय भएको विद्यालयको बनाउने ।

३. बालमैत्री र लैङ्गीक सम्पर्क शिक्षकको व्यवस्था सबै बिद्यालयमा हुनु पर्ने ।

७.३.५.२ **कार्यनीति :**

१. छात्रा मैत्री (सेनेटरी प्याडको उचित व्यवस्थापन सहितको) संरचना नभएको विद्यालयहरुमा निर्माण मर्मत
गर्ने ।

२. शौचालयको अवस्था अनुगमन गर्ने ।

३. सेनेटरी प्याडको उचित व्यवस्थापन गर्ने ।

४. बालमैत्री र लैङ्गीक सम्पर्क शिक्षक तोक्ने ।

५. शौचालयमा सरसफाईका सामग्रीको व्यवस्था गर्ने ।

**नीति नं.** ७.३.६ प्रत्येक बिद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धि कार्यक्रम संचालन भएको हुने ।

७.३.६.१ **रणनीति :**

१. बाल सहभागितामा बिद्यालयको बार्षिक कार्यतालिका बनाउने ।

२. कार्यतालिका बि.व्य.स. वाट पास गराउने र नगरपालिकामा जानकारी पठाउने ।

३. कार्यतालिका अनुसार अतिरिक्त क्रियाकलाप संचालन गरेको रेकर्ड राख्ने ।

७.३.६.२ कार्यनीति :

१. बालबालिकाको सहभागितामा बालअधिकारमा आधारित बार्षिक अतिरिक्त क्रियाकलापका कार्यतालिका निर्माण गर्ने ।
२. वि.व्य.स. वाट पास गरी कार्यान्वयन गर्ने ।
३. अतिरिक्त क्रियाकलाप संचालनकोलागि बालकोषको स्थाापना गर्ने ।
४. ६/६ महिनामा बालबालिकाहरु संग अन्तरक्रिया गर्ने ।
५. बाल पुस्तकालयको व्यवस्था गर्ने ।
६. प्रत्येक बिद्यार्थीले दैनिक घरमा गर्ने गतिविधिको समय तालिका तयारी गर्ने ।
७. अतिरिक्त क्रियाकलापको अभिलेख दुरुस्त राख्ने ।
८. बालभित्ते पत्रिका प्रकाशन गर्ने तालिम संचालन गर्ने ।

**नीति नं.** ७.३.७ बालबालिकाहरुको शारिरिक, मानसिक, बौद्धिक र संवेगात्मक विकासको प्रबर्द्धन गर्ने ।

७.३.७.१ **रणनीति :**

१.उपयुक्त पुर्वाधारहरुको निर्माण तथा व्यवस्थापन गरी शारिरिक, मानसिक, बौद्धिक र संवेगात्मक विकास गर्ने

७.३.७.१ **कार्यनीति :**

१.खेल सामग्री सहितको बाल विकास कक्षाहरु संचालन गर्ने ।

२. बाल उद्यान निर्माण गर्ने ।

३. बिद्यालयका पुर्वाधार बालमैत्री, अपाङ्गमैत्री, किशोरी मैत्री बनाउने ।

४. नियमित रुपमा अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने ।

५. आवश्यकता अनुसार मनोविमर्श तालिम संचालन गर्ने ।

६. जीवन उपयोगि सीप दिने ।

७. बाल पुस्तकालयको व्यवस्था गर्ने ।

८.राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद तथा प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने ।

७.४ **बाल सहभागिता सम्बन्धी नीतिहरु :**

**नीति नं.** ७.४.१ स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष उमेरका बालबालिकाको संस्थागत सहभागिताको संयन्त्र विकास भएको नीति अबलम्बन गर्ने ।

७.४.१.१ **रणनीति :**

१. निर्णय प्रकृयामा संस्थागत बाल सहभागिता गराउने ।

२. संस्थागत सहभागिताको लागि संयन्त्रको विकास गर्ने ।

७.४.१.२ **कार्यनीति :**

१. वडा तथा नगरको बैठकद्वारा बाल सहभागिताको लागि निर्णय गर्ने ।

२. वडा तथा नगरको योजना छनौट प्रकृयामा एक बालिका सहित दुई जना बालबालिकाको अर्थपूर्ण बाल सहभागिता गराउने ।

३. अर्थपूर्ण बाल सहभागिताको अभिलेख दुरुस्त राख्ने ।

**नीति नं.** ७.४.२ स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको आबाज समेटिएको हुने ।

७.४.२.१ **रणनीति :**

१. प्रकृयागत बालभेला गर्ने ।

२. बालभेला वाट आएका मुख्य योजना तथा कार्यक्रमहरु बार्षिक योजनामा समावेस गर्ने ।

३. पारित बार्षिक बाल योजना कार्यान्वयन गर्ने ।

७.४.२.२ **कार्यनीति :**

१. प्रत्येक वडामा बाल प्रतिनिधिहरुको बार्षिक बालभेला गरी योजना तर्जुमा गर्ने ।

२. वडा वडामा बाल भेला सम्पन्न भए पश्चात नपा बालभेला गरी योजना तर्जुमा र प्राथमिकरण गर्ने ।

३. बालभेला द्वारा प्राप्त भएको योजना योजना तर्जुमा समितिले आवधिक लगानी योजना संग भिडान गर्ने र वडा सभा तथा नगर सभा वाट पास गर्ने ।

**नीति नं.** ७.४.३ स्थानीय बिद्यालय व्यवस्थापन समितिमा बालसमूहको प्रतिनिधित्व गराउने संरचना निर्माण हुनु पर्ने नीति अबलम्बन गर्ने ।

७.४.३.१ **रणनीति :**

१. बिद्यालयमा आधारित बालसमूहको सक्रियता बढाउने ।

२. बि.व्य.स.को बैठकमा आमन्त्रित सदस्यको रुपमा बाल सहभागिता गराउने निर्णय गर्ने ।

३. बि.व्य.स.को बैठकमा बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने ।

४. बाल आवाजको उचित सुनवाई गर्ने ।

७.४.३.२ **कार्यनीति :**

१. आमन्त्रित सदस्यको रुपमा बाल सहभागिता गराउन वि.व्य.स.ले निर्णय गर्ने ।

२. बि.व्य.स.को बैठकमा १ बालक र १ बालिकाको अर्थपूर्ण सहभागिता गराउने ।

३. वि.व्य.स. र विद्यालय प्र.अ.हरु संग बालमैत्री स्थानीय शासन सम्बन्धी अन्तरक्रिया गर्ने र बार्षिक कार्ययोजनाको निर्माण गर्ने ।

**नीति नं.** ७.४.४ स्वास्थ्य व्यबस्थापन समितिमा बाल समूहको प्रतिनिधित्व गर्ने नीति अवलम्बन गर्ने ।

७.४.४.१ **रणनीति :**

१. स्वा.व्य.स.को बैठकमा आमन्त्रित सदस्यको रुपमा बाल सहभागिता गराउने निर्णय गर्ने ।

२. स्वा.व्य.स.को बैठकमा बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने ।

३. बाल आवाजको उचित सुनवाई गर्ने ।

७.४.४.२ कार्यनीति :

१. आमन्त्रित सदस्यको रुपमा बाल सहभागिता गराउन स्व.व्य.स.ले निर्णय गर्ने ।

२. स्वा.व्य.स.को बैठकमा एक बालक र एक बालिकाको अर्थपूर्ण सहभागिता गराउने ।

३. बाल बालिकाको सवालको सुनवाई गर्ने ।

**नीति नं.** ७.४.५ प्रत्येक वडामा बिद्यालय तथा समुदाय स्तरका बालसमूह गठन भई क्रियाशिल रहने नीति अवलम्बन गर्ने ।

७.४.५.१ **रणनीति :**

१. सबै बालसमूहहरु वडामा सूचीकुत गर्ने ।

२. बालसमूहहरुको नियमित बैठक र नेतृत्व विकास भएको हुने ।

३. बालसुहहरुले आ आफनो कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

७.४.५.२ **कार्यनीति :**

१. बालसमूहहरुको बैठक मासिक रुपमा बस्ने ।

२. बालसमूहले कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

३. बालसमूहको पहिचान साईन वोर्ड जडान गर्ने ।

४. बालसमूहको सदस्यहरुको पहिचानको लागि परिचय पत्र वनाउने ।

**नीति नं.** ७.४.६ नगर र वडा तहमा बालसमूह संजाल गठन भई क्रियाशिल रहने नीति अवलम्बन गरिनेछ ।

७.४.६.१ **रणनीति :**

१. वडा र नगर स्तरीय बालसमूह सञ्जाल गठन भएको हुने ।

२. बालसमूह सञ्जालको नियमित बैठक बसेको हुने ।

३. बालसमूह सञ्जाललाई क्षमता बिकास तालिम दिने ।

७.४.६.२ **कार्यनीति :**

१. बालसमूह सञ्जालकोलागि आवश्यक कागजा पत्र तथा बाकस किटको व्यवस्थापन गर्ने ।

२. बालसमूह सञ्जालको बैठक नियमित बस्ने ।

३. बालसमुह सञ्जालको कार्ययोजना बनाउने ।

४. बालसमुह सञ्जालको कार्ययोजना कार्यान्वयन गर्ने ।

५. नगर, वडा बालसमूह सञ्जालले बालसमूह व्यवस्थापन वारे स्थलगत अनुगमन गर्ने ।

**नीति नं.** ७.४.७ बालअधिकारको क्षेत्रहरुमा कामगर्दा लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण र आदरपूर्णभाव को नीति अवलम्बन गरिनेछ

**७.४.७.१ रणनीति :**

१. हर प्रकारको सेवा प्रवाहमा सेवा प्रदायकले बालबालिका प्रति सम्मान पूर्वक व्यवहार गर्ने ।

२. आदिवासी जनजाती, दलित, सिमान्तकृत, मधेशी मुस्लीम पिछडा बर्ग, अपाँग, बालबालिकालाई अवसरमा बृद्धि गर्ने ।

३. नीति निर्माण तह देखि कार्यान्वयनको तहसम्म र बिकासका अवसरहरुमा अपाङ्ग बालबालिकाहरुलाई अनिवार्य सहभागिता गराउने ।

**७.४.७.२ कार्यनीति :**

१. बाल सरोकारको विषयमा जुन सुकै कार्यक्रममा पनि समावेशीको सिद्धान्त अनुसार सहभागी गराउने ।

२. बालसमूह, बालसमूह संजालहरुको निर्माण गर्दा समावेशीको सिद्धान्तमा गर्ने ।

३. बालबालिकाको बजेट विनियोजन हुदाँ पछाडि पारिएका समुदायका बालबालिकाको लागि बिशेष कार्यक्रमको व्यवस्था गर्ने ।

४. बालबालिकालाई सम्बोधन गर्दा आदरार्थी शब्दको प्रयोग गर्ने ।

५. बाल हेल्पलाइन को स्थापना गर्ने ।

६. लागुपदार्थको बारेमा अभिमुखीकरण संचालन गर्ने ।

७. बालबालिकाको लागि स्वास्थ्य शिविर संचालन गर्ने ।

## ७.५ संस्थागत विकास सम्बन्धि नीतिहरु :

**नीति नं.** ७.५.१ यस नगरपालिकाको सभा बैठक नियमित रुपमा संचालन गर्ने नीति अवलम्बन गर्ने ।

७.५.१.१ **रणनीति :**

१. समयमा नै (प्रत्येक आर्थिक बर्षको मसान्त सम्म) नपा. र वडाको भेला, सभाहरु सम्पन्न गर्ने ।

२.कुल बजेटको १० प्रतिशत बजेट बालबालिका क्षेत्रमा बिनियोजन गर्ने ।

३. योजना तर्जुमाको सात चरणहरु पुरा गर्ने ।

७.५.१.२ **कार्यनीति :**

१. प्रत्येक आर्थिक बर्षकोलागि चरणहरु पुरा गरी असार मसान्त भित्र वडा र नगरको भेला, सभा सम्पन्न गर्ने

२. बालकोषको स्थापना र कार्यविधि अनुसार व्यवस्थापन गर्ने ।

३. बालबालिकाको लागि बनेको कार्ययोजना वडाको योजनामा समावेश गर्ने ।

४. बालमैत्री शाखाको व्यवस्थापन गर्ने ।

५. वडा तथा नगर स्तरीय बालमैत्री सहजकर्ताको व्यवस्था गर्ने ।

**नीति नं.** ७.५.२ बागलुङ नगरपालिकाले बालबालिककोलागि बालमैत्री बोली व्यवहार, आचार संहिताको तर्जुमा, अध्यावधिक गरि कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गर्ने ।

७.५.२.१ **रणनीति :**

१. बालबालिका, न.पा. तथा सम्पूर्ण सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा बालमैत्री आचार संहिता तयारी गरी अध्यावधिक गर्ने नीति अवलम्बन गर्ने ।

२. बालमैत्री आचार संहिता नगर वाट स्वीकृत गराई छपाई र कार्यान्वयन तथा प्रचार प्रसार गर्ने ।

७.५.२.२ **कार्यनीति :**

१. बालमैत्री आचार संहिता निर्माण कार्यशाला गर्ने
१. बालमैत्री आचार संहिता छपाई गरी बिद्यालयहरुमा वितरण गर्ने ।
२. बालमैत्री आचार संहिता टोल टोलमा छलफल गर्ने ।
३. बालमैत्री आचार संहिता विद्यालय बिद्यालयमा छलफल गर्ने ।
४. बालमैत्री आचार संहिता कार्यान्वयन अवस्थाको अनुगमन गर्ने ।
५. घोषणा पश्चात दिगोपनाकोलागि पञ्च बर्षिय रणनीतिक योजना तयार गर्ने ।
६. आवश्यक भए सरोकारवालाहरुको वडा स्तरीय समन्वय,संजाल निर्माण गर्ने । - (टाक्शफोर्स) बालमैत्री कार्ययोजना कार्यान्वयन कार्य दल) निर्माण गर्ने ।

**नीति नं.** ७.५.३. बागलुङ नगरपालिकामा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समितिको विकास भएको हुने ।

७.५.३.१ **रणनीति :**

१. बालमैत्री स्थानीय शासन समिकिो गठन भई नियमित बैठक बस्ने ।

२. बालअधिकार समतिको गठन भई नियमित बैठक बस्ने ।

३. कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्ने ।

७.५.३.२ **कार्यनीति :**

१. बालमैत्री स्थानीय शासन समिति र बालअधिकार समितिलाई क्षमता बिकासको तालिम दिने ।

२. बालमैत्री स्थानीय शासन समिति र बालअधिकार समितिको नियमित मासिक बैठक बस्ने ।

३. बालमैत्री गतिबिधिको बृतचित्र तयार गर्ने ।

**नीति नं.** ७.५.४ स्थानीय बिद्यालयहरुमा बिद्यालय व्यवस्थापन समिति क्रियाशिल राख्ने नीति अबलम्न गर्ने ।

**७.५.४.१ रणनीति** : बि.ब्य.स.को नियमिति बैठक बसेकोमा १२ देखि १८ वर्षका १ बालिका सहित २ जनाको अर्थपुर्ण सहभागिता र बाल अवाजको सम्बोधन गर्ने ।

७.५.४.२ **कार्यनीति** :

१. बिद्यालय व्यवस्थापन समितिलाई बालमैत्री बिद्यालय सम्बन्धि अनतरक्रिया गर्ने ।
२. विद्यालयको अवस्था अनुगमन गर्ने ।
३. बि.ब्य.स.को नियमिति बैठक बसेकोमा १२ देखि १८ वर्षका एक बालिका सहित दुई जनाको अर्थपूर्ण सहभागिता गराउने ।
४. उत्कृष्ठ काम गर्ने बिद्यालयलाई पुरस्कृत र सम्मान गर्ने ।

**नीति नं.** ७.५.५ स्थानीय स्वास्थ्य व्यवस्थापन समिति क्रियाशिल राख्ने नीति अबलम्न गर्ने ।

७.५.५.१ **रणनीति** : स्वा.व्य.स.को नियमिति बैठक बसेकोमा १२ देखि १८ वर्षका १ बालिका सहित २ जनाको अर्थपुण सहभागिता र बाल अवाजको सम्बोधन गर्ने ।

**७.५.५.२ कार्यनीति :**

१. स्वा.व्य.स.लाई बालमैत्री बिद्यालय सम्बन्धि अनतरक्रिया गर्ने ।
२. स्वास्थ्य संस्थाको अवस्था अनुगमन गर्ने ।
३. स्वा.व्य.स.को नियमिति बैठक बसेकोमा १२ देखि १८ वर्षका १ बालिका सहित २ जनाको अर्थपुर्ण सहभागिता गराउने ।
४. उत्कृष्ठ काम गर्ने स्वास्थ्य संस्थालाई पुरस्कृत र सम्मान गर्ने ।

**नीति नं**. ७.५.६ बागलुङ नगरपालिकामा बाल बिकास केन्द्र, बाल कक्षा तथा पुर्व प्राथमिक कक्षाहरु संचालन गर्ने नीति लिईनेछ ।

७.५.६.१ **रणनीति :**

१. बाल विकास केन्द्रको अबस्था मापन गर्ने ।
२. बाल विकास केन्द्र व्यवस्थापन समितिको नियमित बैठक बस्ने ।
३. बाल विकास केन्द्रको स.का. हरुको क्षमता विकास गरी क्रियाशिल बनाउने ।
४. बाल विकास केन्द्र संचालन सम्बन्धी न्यूनतम सुचक तयारी गर्ने ।

७.५.६.२ **कार्यनीति :**

१. बाल विकास केन्द्रको अबस्था अनुगमन गर्ने ।

२. बाल बिकास केन्द्रको व्यवस्थापन समिति संग अन्तरक्रिया गरि न्यूनतम सुचक तयार गर्ने र नियमित बैठक बस्ने ।

३. अनुगमनको आधारमा बा.बि.के.मा शैक्षिक तथा खेलकुद सामाग्रि उपलव्ध गराउने ।

४. बाल विकास केन्द्रको स.का. हरुको क्षमता विकास तालिम संचालन गर्ने ।

५. बाल विकास केन्द्रको स.का. हरुको नियमित मासिक बैठक बस्ने ।

**नीति नं.** ७.५.७ बागलुङ नगरपालिकाका सबै बालसुहहरुलाई सक्रियता राख्ने नीति लिईनेछ ।

७.५.७.१ **रणनीति :**

१. बालसमूहको नियमित पुनर गठन र बैठक भएको हुने ।

२. बालसमूहहरुलाई क्षमता बिकास गर्ने ।

३. सबै बालसमूहलाई सुचिकृत गर्ने ।

४. सबै बालसमूहको कार्ययोजना बनाउने ।

७.५.७.२ **कार्यनीति :**

१. बिद्यालयका स्तरका बालसमूहको पुनरगठन नियमित रुपमा गर्ने ।

२. समुदाय स्तरका बालसमूहको पुनरगठन नियमित रुपमा गर्ने ।

३. बालसमूहका पदाधिकारीहरुलाई बालमैत्री स्थानीय शासन र नेतृत्व बिकास सम्बन्धी ३ दिने तालिम दिने ।

४. बालसमूहलाई व्यवस्थापन गर्न किट बाकस दिने ।

५. बालसमूहहरुको अभिलेख अध्यावधिक तथा सुचिकरण गर्ने ।

६. बालसमूह र बालसंजालको बैठक नियमिति बस्ने र बालसंजाललाई बैठक बसेको खाजा तथा गापा बालसमूह संजाललाई यातायात खर्च उपलव्ध गराउने ।

७. बालसमूह मार्फत बालमैत्री अभियान संचालन गर्ने ।

**नीति नं.** ७.५.८ बागलुङ नगरपालिकामा निगरानी समूह मार्फत बालअधिकार संरक्षण र सम्बर्द्धन गर्न क्रियाशिल रहने नीति लिईनेछ ।

७.५.८.१ **रणनीति :**

१. नगर र वडामा बालअधिकार समिति गठन गर्ने ।

२. बालअधिकार समितिको बैठक नियमित बस्ने ।

३. बालअधिकार समितिलाई बालमैत्री सम्बन्धी २ दिने क्षमता बिकासको तालिम दिने ।

७.५.८.२ **कार्यनीति :**

१. महिला समिति, आमा समूह, प्रहरी, शिक्षक, पत्रकार, संघ सस्था, सहकारीका प्रतिनिधि तथा अन्य सरोकोर वालहरुको अन्तरक्रिया गरी नगर तथा वडामा बालअधिकार समिति गठन गर्ने ।

२. बालअधिकार समितिको नियमित बैठक बस्ने ।

३. बालअधिकार समितिलाई बालमैत्री सम्बन्धी २ दिने क्षमता बिकासको तालिम दिने ।

४. बालअधिकार समितिको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

५. बालमैत्री अवस्थाको नियमित अनुगमन गर्ने ।

**नीति नं.** ७.५.९. बागलुङ नगरपालिकामा बालसमूह संजालको बिकास भई जिल्ला र प्रदेश तहमा उनिहरुको प्रतिनिधित्व गराउने नीति अवलम्बन गर्ने ।

७.५.९.१ **रणनीति :**

१. वडा र नगर स्तरका बालसमूह संजालको पुनरगठन नियमित रुपमा गर्ने ।

२. बालसमूह संजालको बैठक नियमित रुपमा बस्ने ।

३. जिल्ला तथा प्रदेश स्तरका कार्यक्रमहरु संचालन गर्ने ।

७.५.९.२ **कार्यनीति :**

१. वडा र नगर स्तरका बालसमूह संजालको पुनरगठन नियमित रुपम गर्ने ।

२. बालसमूह संजालको बैठक नियमित रुपमा बस्ने र बैठक बसेको खाजा, यातायात खर्चको व्यवस्था मिलाउन साथै सञ्जालका अध्यक्षलाई संचार खर्च वापत मासिक रु. २०० उपलव्ध गराउने ।

३. बालसमूहको बार्षिक कार्ययोजना बनाई आवधिक लगानी योजना संग भिडान गरी कार्यान्वयन गर्ने ।

४. बार्षिक कार्ययोजना अनुसार जिल्ला स्तरका र प्रदेश स्तरका कार्यक्रमहरु संचालन गर्ने ।

५. बालसमूह संञ्जालको कार्यकक्षको व्यवस्था गर्ने ।

**नीति नं**. ७.५.१०. बालबालिकाकोलागि स्थानीय बिकास योजना र आवधिक लगानी योजना तर्जुमा तथा अध्यावधिक गरि नियमित कार्यान्वयनमा ल्याउने नीति अबलम्ब गर्ने ।

७.५.१०.१ **रणनीति :**

१. आबधिक लगानी योजनाको निर्माण तथा अध्याबधिक गर्ने ।

२. वडा तथा नगरले अुनमोदन गर्ने ।

३. नगर सभाले स्वीकृत गर्ने ।

४. आवधिक लगानी योजना कार्यान्वयनमा ल्याउने ।

७.५.१०.२ **कार्यनीति :**

१. आबधिक लगानी योजना वडा वाट तयार गरी पारित गर्ने ।

२. आबधिक लगानी योजना नगर कार्यपालिकावाट पास गर्ने र नगर सभावाट स्वीकृत गर्ने ।

३. सुचकको अवस्था मापन अध्यावधिक गर्न बार्षिक रुपमा कार्यशाला गर्ने ।

४. वडा र नगर बालमैत्री सम्पर्क शाखाको व्यवस्थापन गर्ने ।

५. बालबालिकाका लागि स्थानीय आवधिक लगानी योजना अनुसार कार्यान्वयन भए नभएको अनुगमन गर्ने । (चेक लिष्ट सहित)

**नीति नं.** ७.५.११. बागलुङ नगरपालिकाको विकास योजनामा बालबालिकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा गरि कार्यान्वयनमा ल्याउने नीति अबलम्न गर्ने ।

७.५.११.१ **रणनीति :**

१. बालबालिकाहरुको सबालहरुलाई समेटी एकिकृत नीति तथा कार्यक्रम तयारी गर्ने ।

२. वडा र नगर सभावाट बालमैत्री कार्यान्वयन, घोषणा तथा टिकाई राख्ने निर्णय गर्ने ।

३. नियमित अनुगमन गर्ने ।

७.५.११.२. **कार्यनीति :**

१. वडा र नगरको नीति तथा कार्यक्रममा बालबालिकाको योजना समावेस गर्ने ।

२. वडा र नगरले बालमैत्री स्थानीय शासन अवलम्वन, कार्यान्वयन र घोषणालाई टिकाई राख्न रकम बिनियोजनका लागि निरन्तर निर्णय गर्ने ।

३. बालबालिकाको बस्तुगत विवरण तयारी तथा अध्यावधिक गर्ने ।

४. बालमैत्री अवलोकन भ्रमण गर्ने ।

**नीति नं.** ७.५.१२. बालबालिकाको स्थितीपत्र तयारी, प्रकासन तथा अध्याबधिक गर्ने नीति अवलम्बन गर्ने ।

७.५.१२.१ **रणनीति :**

१. वडा वा नगर स्तरीय बालबालिकाहरुको स्थितीपत्र तयार भई प्रकाशन भएको र प्रत्येक दुई दुई बर्षमा अध्याबधिक गर्ने ।

७.५.१२.२ **कार्यनीति :**

१. बालबालिकाको स्थितीपत्र तयारी तथा प्रत्येक दुई बर्षमा अध्याबधिक गर्ने ।

२. संयूक्त तथा एकल अनुगमन गर्ने (वडा, नपा वाट पटक पटक)

३. त्रैमासिक, अर्धबार्षिक र बार्षिक समिक्ष कार्यक्रम र प्रतिवेन तयारी गरि माथिल्लो निकायमा पठाउने ।

४. बालबालिकाहरुको लागि वडा स्तरीय र नगर स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।

**नीति नं.** ७.५.१३. बागलुङ नगरपालिकाको सबै घरधुरीमा आयोडिन यूक्त नूनको प्रयोग गरेको नीति अवलम्बन गर्ने ।

७.५.१३.१. **रणनीति :**

१. सबै घरमा आयोडीन युक्त नूनको प्रयोग अनिवार्य गर्ने ।

२. पसलमा आयोडीन युक्त नुनको पहुचमा बृद्धि गर्ने ।

७.५.१३.२ **कार्यनीति :**

१. आयोडीन युक्त नूनको सही प्रयोग वारे बिद्याल र टोल, टोलमा अन्तरकृिया गर्ने ।

२. प्रयोग भए नभएको अनुगमन गर्ने ।

# खण्ड चार

# गुनासो सुनवाई संयन्त्र, संस्थागत व्यवस्था, क्षमता विकास तथा भूमिका एंव कार्यान्वयन प्रकृया

## ८.गुनासो सुनुवाइ समिति

यस बागलुङ नगरपालिका क्षेत्रका बालबालिकाले आफू कुनै कारणबस असुरक्षित अवस्थामा रहेको वा आफनो अधिकार माथि कतैबाट प्रतिकूल व्यवहार भएको महसुस गरेमा गोप्य रूपमा उजुरी गर्नका लागि वडा तथा नपामा एक सुझाव पेटिकाको व्यवस्था गरिने छ । त्यसमा पीडित बालबालिका, तिनको अभिभावक वा संरक्षकले आफना गुनासो लेखेर गोप्य रूपमा खसाल्ने व्यवस्था मिलाइने छ ।

साथै नगरपालिकाले बालअधिकार सम्बन्धीका मुद्दाहरु सम्बोधन गर्न र सुझाव पेटिकामा प्राप्त भएका गुनासो वा सुझाब सुनुवाइ गर्न एक सुनासो सुन्ने कर्मचारी तोक्नेछ । आएका गुनासो सम्बोधन गर्ने साथै उजुरी सुनुवाइको जिम्मेवारी पाएको कर्मचारी र एक महिला जनप्रतिनिधि, एक जना संघ संस्थाका प्रतिनिधि तथा दुईजना बालसमूह सञ्जालका प्रतिनिधिहरूलाई राखिनेछ । यस समितिको बैठक सामान्यतया तीन महिनामा एक पटक वा आवश्यकता अनुसार त्यो भन्दा बढी पटक बसी आएका गुनासोहरू अध्ययन गरी सम्बोधनका लागि पहल गर्नेछ ।

## ९ गुनासो सुनुवाइ प्रक्रिया :

्गुनासो सुनवाई प्रकृया बागलुङ नगरपालिकाको गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यबिधि बमोजिम हुने छ

## १०. संस्थागत व्यवस्था र क्षमता विकास तथा भुमिका :

### १०.१ संस्थागत व्यवस्था र क्षमता विकास :

बालबालिका सम्बन्धी नीतिको कार्यान्वयनको अवस्थाबारे सरोकारवालाहरू (स्वयम् बालबालिका समेत) सँग नियमित अन्तरक्रिया

गरिनेछ । समय समयमा बालअधिकार संरक्षणका सवालका विषयमा छलफल कार्यक्रमहरू आयोजना गरिनेछ । यस्ता कार्यलाई निरुत्साहित गर्न बाससमूह, बालसमूह सञ्जाल, बालमैत्री स्थानीय शासन समिति, बालअधिकार समिति तथा स्थानीय स्तरमा रहेका बालअधिकार संरक्षण संयन्त्रलाई सक्रिय बनाइने छ । सामुदायिक तथा संस्थागत विद्यालय, मदरसा तथा बालगृह जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकर राख्ने संस्था वा निकायमा बालबालिका सम्बन्धी नीति लागू गर्न तथा गुनासो सुनुवाइ गर्न गुनासो सुनुवाइ सिमितलाई सक्रिय गराउने तथा नीति कार्यान्वयनका लागि बेलाबेलामा तालिम दिई उनीहरूको क्षमता विकास गरिने छ ।

१०.२ संस्थागत भुमिका :

बालबालिका सम्बन्धी नीतिले बालअधिकारको संरक्षण सम्बर्द्धन गर्न अभियानको रुपमा सहकार्य साझैदारीको नमुनाको रुपमा सबै सरकोरवालाहरुको भुमिकालाई महत्व दिदै अगाडि बढाईनेछ ।

त्यस कारण यो अभियान नगरपालिकाको नेतृत्वमा सरोकारवाला निकायहरु ( राजनितिक दल, प्रहरी, प्रशासन, नपा., वडा, बिषयगत समिति, बिषयगत शाखाहरु, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, गैर सरकारी संस्थाहरु, दातृनिकायहरु, नीजि संघ संस्थाहरु, नागरिक समाज, समुदायमा आधारित सबै निकायहरु संघसंस्थाहरु, संस्थागत र सामुदायिक बिद्यालयहरु बिभिन्न बालसमुह र संजाल आदि सबै सरोकार राख्ने र देहायका भूमिकामा रहनेछ ।

**१०.२.१ बागलुङ नगरपालिका र नगर कार्यपालिकाको भुमिका :**

- बालमैत्री स्थानीय शासनसम्बन्धी दिर्घकालिन नीति तथा कार्यक्रम बनाई आबधिक र बार्षिक नगर बिकास योजनामा समावेश गराउने ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी आबधिक र बार्षिक नगर बिकास योजनामा समावेश भएका योजना तथा कार्यक्रमहरु संचालन गर्ने गराउने ।

- अन्य निकाय वाट संचालन भएका बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको अनुमति, समन्वय अनुगमन, सुपरिवेक्षण तथा मुल्याङकन गर्ने गराउने ।
- बालमैत्री अवधारणालाई नगर व्यापी बनाएर लैजानको लागि नगर बालअधिकार संरक्षण रणनीतिहरु तयार गरी अनिवार्य रुपमा कार्यान्वन गर्ने गराउने ।
- नगरपालिकालाई बालमैत्री घोषणा गर्न र घोषणा पश्चात टिकाई राख्नको लागि वडाहरु र नगरपालिकाले, दिगोपनाका लागि रणनितिक योजना तयार गरी आवधिक लगानी योजना अनुसार ( कम्तीमा कुल विनियोजित रकमको १० प्रतिशत) रकम विनियोजना गर्ने ।
- बालमैत्री स्थानीय शासनका सम्पर्क व्यक्ति र सहजकर्ताहरुको क्षमता विकास गर्ने ।
- नगरपालिका स्तरमा बालमैत्री स्थानीय शासनका सहजकर्ताहरु तयार गरी नपा, वडाहरुमा परिचालन गर्ने ।
- बालबालिकाको हक अधिकारलाई सुनिश्चित गर्न बालअधिकारको मुख्य विषय बालबचाउँ, बालसंरक्षण, बालविकास र अर्थपूर्ण बाल सहभागितालाई कार्यान्वयन गर्नकालागि स्थापित बालकोषमा प्रत्येक बर्ष रकम थप गर्ने।
- बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी निकाय, ल्न्इ क्षल्न्इ अन्य सरकारी संघ सस्थाको दोहारो पना आउन नदिन एकद्वार प्रणाली ( एक डालो कार्यक्रम) कायम गर्ने ।
- बालबालिकाहरुले स्थानीय स्तरमा उठाएका सवालहरुलाई सम्बोधन गर्न योजना तर्जुमा प्रकृयामा प्रत्येक वडामा बाल भेला अनिवार्य गरी नगरपालिका स्तरीय बाल भेला वाट पारित भएका योजना कार्यक्रमलाई आवधिक लगानी योजना संग भिडान गरी पहिलो प्राथमिक्तामा राखेर योजना तर्जुमामा समावेश गर्ने व्यवस्था मिलाउने

- बालभेला वाट आएका सवालहरुलाई प्राथमिकता सहित वडा भेला र नगर सभा मा समावेश गरी योजना कार्यक्रम स्वीकृत गर्ने ।
- सहभागिता मुलक नतिजामा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्याँकन र प्रतिवेदन तयारी प्रणालीलाई संस्थागत र प्रभावकारी बनाउने ।
- ११ वटै वडाका जनप्रतिनिधि, वडा सचिव र कर्मचारीहरुको क्षमता विकासका कार्यकमहरु संचालन गर्ने ।
- बालमैत्री स्थानीय शासन टिकाई राख्न वडाहरुमा बालबालिकाका सवालहरु सहजीकरण गर्ने विषयमा वडा अध्यक्ष, वडा सचिव, बालमैत्री सम्पर्क ब्यक्ति र सहजकर्ताहरुलाई पुर्ण रुपमा जिम्बेवार बनाउने ।
- प्रत्येक बर्षको पहिलो चौमासिक भित्रमा बितेको बर्षको सामाजिक परिक्षण गराई सबै सरोकारवालाहरुको उपस्थितीमा यस्को प्रगती समिक्षा गर्ने र सामाजिक परिक्षण प्रतिवेदन र छलफलमा उठेका सवालहरुलाई सम्बोधन गर्ने परिपाटिको विकास गर्ने ।
- शुसाशन कायम राख्न सामाजिक जवाफ देहिताको औजारहरु सबै सरकारी निकायहरुमा  प्रयोग गर्ने वातावरण सिर्जना गर्ने ।

**१०.२.२ बिषयगत ईकाई शाखाहरुको भुमिका :**

**१०.२.२.१. शिक्षा शाखाको भुमिका :**

- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, बालमैत्री स्थानीय शासन राष्ट्रिय कार्यान्वयन कार्यविधि, तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिको आधारमा बाल विकासको ६ ओटा, बाल सहभागिताको सूचक नं.३ ,र संस्थागत विकासको ४ र ६ नं. न्यूनतम सुचक प्राप्तीको अवस्थाको प्रमाणिकरण गर्ने ।
- ३ देखि ४ वर्षका सबै बालबालिकाहरु बालविकास केन्द्रमा भर्ना गर्ने वातावरण बनाउने ।
- कक्षा १ कालागि बिद्यालय जाने उमेर समूहका बालबालिका सतप्रतिशत विद्यालय भर्ना गर्ने गराउने ।

- ५ देखि १२ वर्ष उमेर समूहका बालबालिका आधारभुत शिक्षा (कक्षा १ देखि कक्षा ८ सम्म) अनिवार्य दिने वातावरण सिर्जना गर्ने ।
- औपचारिक शिक्षा बाट बन्चित रहेका बालबालिकालाई अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउने ।
- प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गर्न प्रोत्साहन गर्ने ।
- प्रत्येक विद्यालयमा बालसमूह गठन गरि बालसमूहको नियमिति बैठक, कार्यक्रमहरु गर्ने गराउने, बालमैत्री सम्पर्क शिक्षकको व्यवस्था गर्ने र बिद्यालय व्यवस्थापन समितिमा बालसमूहको प्रतिनिधित्व गराउने संरचना निर्माण गर्ने ।
- बालबालिकाको अनुपातमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन गर्ने, अनुगमन गर्ने र मुल्याँकन गर्ने ।
- प्रत्येक विद्यालयहरुमा पानी र शेनेटरी प्याड सहितको सर्व शुलभ बालमैत्री र अपाङ्गमैत्री शौचालय तथा पुर्वाधारहरुको व्यवस्था मिलाउने ।
- प्रत्येक विद्यालयमा बालमैत्री शिक्षण सिकाई गर्न एकिकृत नगर शिक्षा योजना बनाउने ।
- बिद्यालयगत रुपमा बालबालिकाहरुको तथ्याङ्कको अभिलेख राख्ने र सार्वजनिक गर्ने ।
- बालमैत्री शिक्षण सिकाईको लागि आवश्यक तालिमहरु संचालन गर्ने ।
- विद्यालय अनुगमन गर्ने ।
- प्रत्येक विधालयहरुको लेखा परिक्षण र सामाजिक परिक्षण गराउने ।

**१०.२.२.२ स्वास्थ्य ईकाई शाखाको भुमिका :**

- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, बालमैत्री स्थानीय शासन राष्ट्रिय कार्यान्वयन कार्यविधि, तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिको आधारमा बालबचाउको १० ओटा,

बालसहभागिताको ४ नं. र संस्थागत विकासको ५ नं. न्यूनतम सुचक प्राप्तीको अवस्थाको प्रमाणिकरण गर्ने ।

❖ जन्मे देखी ६ महिना सम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पुर्ण स्तनपान (आमाको दुध मात्र खुवाएको) वातावरणको सुजना गर्ने ।

❖ २३ महिना भित्रका सबै बालबालिकाले पूर्ण रुपमा खोप लगाउने वातावरण सृजना गर्ने ।

❖ ६ महिना देखि ५ वर्ष सम्मका सबै बालबालिकाहरुले भिटामिन ए खाने वातावरण सृजना गर्ने ।

❖ नगरपालिका भित्रका सबै गर्भवती आमाहरुले दक्ष स्वास्थ्यकर्मीद्वारा सुत्केरी गराउने वातावरण सृजना गर्ने ।

❖ गर्भवती महिलाले कम्तीमा प्रसुती पूर्व ४ पटक प्रसुती पश्चात आमाले र शिशुको स्वास्थ्य जाँच गराउने वातावरण सृजना गर्ने ।

❖ गर्भवती आमाले टिडी बिरुद्धको खोप लगाउने वातावरण सृजना गर्ने ।

❖ गर्भवती तथा सुत्केरी आमाहरुले २२५ वटा आईरन चक्की खाने वातावरण सृजना गर्ने ।

❖ एच.आई.भि. सक्रंमित आमा बाटा जन्मीएका सबै बालबालिकाहरुले ए.आर.भी. प्रोफाईल ल्याक्सीस खाने वातावरण सृजना गर्ने ।

❖ सबै घरधुनीमा स्वच्छ पिउने पानीको सुविधा गर्न आवश्यक कार्यहरु गर्ने गराउने ।

❖ चर्पी गएपछि खाना खानु अघि र शौचालय तथा बालबालिकाको दिसा धोए पछि साबुन पानीले हातधुने परिपाटिको बिकास गर्न आवश्यक कार्यहरु गर्ने ।

❖ सबै स्वास्थ्य संस्थाहरुको स्वास्थ्य व्यवस्थापन समितिको वैठकमा बालसमुह संजालको प्रतिनिधित्व गराउने व्यवस्था मिलाउने ।

❖ नगरपालिकाको सबै घरधुरीमा आयोडीन युक्त नूनको प्रयोग गर्न आवश्यक कार्यहरु गर्ने ।

- ❖ प्रत्येक स्वास्थ्य संस्थाहरुको खर्च सार्वजनिक सोधखोज गर्ने व्यवस्था मिलाउने ।
- ❖ प्रत्येक स्वास्थ्य सस्थाहरुको लेखा परिक्षण गराउने ।
- ❖ प्रत्येक स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गराउने ।
- ❖ प्रत्येक स्वास्थ्य संस्थाहरुको अभिलेख राख्ने ।

१०.२.**२.३ महिला तथा बालबालिका ईकाई शाखाको भुमिका :**

- ❖ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, बालमैत्री स्थानीय शासन राष्ट्रिय कार्यान्वयन कार्यविधि, तथा बालमैत्री स्थानीय शासन कार्यविधिको आधारमा बालसंरक्षणको २, ३, ४, ५ नं. न्यूनतम सुचक प्राप्तीको अवस्थाको प्रमाणिकरण गर्ने ।
- ❖ ५ वर्ष मुनिका सबै बालबालिकाहरुको सत प्रतिशत जन्म दर्ता भएको नगरपालिकालाई अध्याबधिक गरी राख्न आबश्यक कार्यहरु गर्ने ।
- ❖ बालबिवाहमा कमि ल्याई बालबिवाह मुक्त नगरपालिका घोषणा गरी सो लाई टिकाई राख्न नियमित रुपमा आवश्यक कार्यहरु गर्ने ।
- ❖ निकृष्ट प्रकारको बालश्रम घटाई बालश्रम मुक्त नगरपालिका घोषणा गरी सोलाई टिकाई राख्न नियमित रुपमा आवश्यक कार्यहरु गर्ने ।
- ❖ घर परिवार र समुदाय वा बालबालिका विरुद्ध हुने हिंसा, बेच विखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना बनाई कार्यान्वयन गर्न आवश्यक कार्यहरु गर्ने ।
- ❖ बालसंरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणलीलाई संचालनमा ल्याउन आबश्यक कार्यहरु गर्ने

**वडा पंन्जिका अधिकारीको भुमिका**

- ❖ ५ वर्ष मुनिका सबै बालबालिकाहरुको सत प्रतिशत जन्म दर्ता भएको वडामा अभिलेख अध्याबधिक गरी राख्न आबश्यक कार्यहरु गर्ने र बालसंरक्षणको सुचक न. १ प्रमाणित गर्ने ।
- ❖

**१०.२.२.४ बालमैत्री स्थानीय शासन सम्पर्क शाखाको भुमिका :**

- ❖ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, बालमैत्री स्थानीय शासन राष्ट्रिय कार्यान्वयन कार्यविधि, तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिको आधारमा बाल सहभागिताको १, २, ५, ६ र सस्थागत विकासको १, २, ३, ७, ८, ९, १०, ११, १२ नं. न्यूनतम सुचक प्राप्तीको अवस्थाको प्रमाणिकरण प्रमुख प्रशासकीय अधिकृतले गर्ने
- ❖ स्थानीय तहको निर्णय प्रकृयामा १२ देखि १८ वर्ष उमेरका बालबालिकाको संस्थागत सहभागिता संयन्त्र विकास गर्न आवश्यक कार्यहरु गर्ने ।
- ❖ स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकको आवाज समेटिन आवश्यक कार्यहरु गर्ने ।
- ❖ नगरपालिकामा बालसमूह संजाल गठन भई प्रत्येक वडाहरुमा वडा बालसमूह संजाल गठन गरी क्रियाशिल गराई राख्न उनिहरुको क्षमता विकास तथा अन्य आवश्यक कार्यहरु गर्ने ।
- ❖ स्थानीय तहको सभा बैठक नियमित गराउन आवश्यक सहयोग समन्वय गर्ने ।
- ❖ बालमैत्री व्यवहार, आचार सहिता तर्जुमा गरी सो कार्यान्वयनमा ल्याउन आवश्यक कार्यहरु गर्ने ।
- ❖ बालमैत्री स्थानीय शासन समिति र बालबालिका सम्बन्धी नीति समितिको नियमित बैठककोलागि आवश्यक कार्यहरु गर्ने ।
- ❖ बिद्यालय व्यवस्थापन समितिलाई क्रियाशिल बनाई राख्न आवश्यक सहयोग र समन्वय गर्ने ।
- ❖ स्वास्थ्य व्यवस्थापन समितिहरुलाई क्रियाशिल बनाई राख्न आवश्यक सहयोग र समन्वय गर्ने ।
- ❖ समुदाय तथा बिद्यालय स्तरीय बालसमुहहरुलाई सक्रिय बनाई राख्न उनिहरुको क्षमता विकास तथा अन्य आवश्यक कार्यहरु गर्ने ।

- ❖ बालअधिकार सम्बन्धी कार्य गर्ने संघ संस्था तथा निगरानी समूहहरुसंग सहकार्य समन्वयको लागि आवश्यक कार्यहरु गर्ने ।
- ❖ बालबालिकाको लागि स्थानीय विकास योजना र आवधिक लगानी योजना निर्माण र अध्यावधिक गर्न आवश्यक कार्यहरु गर्ने ।
- ❖ नगर विकास योजनामा बालबालिकासंग सम्बन्धित योजना तथा कार्यक्रमहरु समेटी एकिकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आवश्यक समन्वय सहकार्य गर्ने ।
- ❖ बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अध्यावधिक गर्न आवश्यक समन्वय सहकार्य गर्ने ।

### १०.२.२.५ दातृनिकाय तथा साझैदार संस्थाहरुको भुमिका

- ❖ बालअधिकार सम्बन्धी कार्यहरुमा आर्थिक सहयोग गर्ने ।
- ❖ बालअधिकार सम्बन्धी कार्यहरुमा प्राबिधिक सहयोग गर्ने ।
- ❖ नगर विकास योजनामा बालबालिकासंग सम्बन्धित योजना तथा कार्यक्रमहरु नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आवश्यक समन्वय सहकार्य गर्ने ।

### १०.२.२.६ संचार कर्मी तथा पत्रकारहरुको भुमिका

- ❖ बालअधिकार सम्बन्धी कार्यहरुको प्रचार प्रसारमा सहयोग गर्ने ।
- ❖ नगर विकास योजनामा बालबालिकासंग सम्बन्धित योजना तथा कार्यक्रमहरु नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आवश्यक समन्वय सहकार्य गर्ने ।

### १०.२.२.७ राजनितिक दलको भुमिका :

- ❖ नगर विकास योजनामा बालबालिका संग सम्बन्धित योजना तथा कार्यक्रमहरु नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने ।
- ❖ बालमैत्री अवस्थाको अनुगमन गर्ने ।
- ❖ बालअधिकार सम्बन्धी कार्यहरुमा आर्थिक सहयोग गर्ने ।
- ❖ बालअधिकार सम्बन्धी कार्यहरुमा प्राबिधिक सहयोग गर्ने ।

- ❖ नगर विकास योजनामा बालबालिकासंग सम्बन्धित योजना तथा कार्यक्रमहरु नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आवश्यक समन्वय सहकार्य गर्ने ।

## ११. बालबालिका सम्बन्धी नीति कार्यान्वयनको प्रक्रिया

यस बागलुङ नगरपालिकाले बालबालिका सम्बन्धी नीति जारी गरी आवश्यक संयन्त्र निर्माण गरे पश्चात नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालय, तथा अनाथ आश्रम वा बालगृह सञ्चालकहरूलाई तालिम दिइनेछ । प्रत्येक बालबालिका तथा तिनका अभिभावक सम्म चेतना जगाउनका लागि व्यापक प्रचारप्रसार गरिने छ । त्यस्तै स्थानीय तह, गैससबाट सञ्चालन गरिने कार्यक्रम बीच समन्वय गरी बालबालिका सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । बालबाालिका सम्बन्धी नीतिका बारेमा बालबालिका, अभिभावक, शिक्षक, बालसमूह तथा अन्य सम्पूर्ण सरोकारवालाहरूलाई तालिम तथा अभिमुखीकरण गरिने छ । र कार्यान्वयन अवस्थाको अनुगमन गर्ने व्यवस्था मिलाईने छ । कार्यान्वयन प्रकृयामा संलग्नलाई सम्मान, पुरस्कार तथा दण्ड सजायको व्यवस्था गरिनेछ ।

### ११.१ बागलुङ नगरपालिकाको बालबालबालिका सम्बन्धी नीति कार्यान्वयन अर्न्तगत निम्न तत्वहरु समाबेश गएिका छन्

- बालबालिकालाई शोषण र दुराचारवाट बचाउन जनचेतना अभिबृद्धि गर्ने ।
- बालबालिकाको हित र संरक्षणलाई आधार मानी सबै कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन र मुल्यांकन
- बालबालिकाको हित र संरक्षणको लागि नगरपालिकासंग रहेको सम्बन्धित सबै सेवाग्राही, घरपरिवार, टोल विकास संस्था, संघ

संस्था, राजनितिक दल, अतिथी पाहुना, कर्मचारी, आदिका निम्ति आचार संहिता ।

- पिडीत बालबालिकाको निम्ति राहत तथा आबस्यक सहयोग ।
- बालअधिकार र संरक्षणको पैरबी तथा खवरदारी ।
- बालबालिका सम्बन्धी संचार ।
- गोपनियता ।
- बालसंरक्षणको प्रतिबद्धता ।

**११.२ बागलुङ नगरपालिकाको बालअधिकार सम्बन्धी नीति कार्यान्वयनमा निम्न आचार संहिता लागु गरिने छ ।**

बागलुङ नगरपालिका बालमैत्री उनमुख नगरपालिका भएकोले नगरपालिकामा रहेको सरोकार वालाहरु बालबालिका, परिवार, समुदाय, संघ संस्था सबैले हामीसंग काम गर्दा आंफुलाई सजिलो र सुरक्षित महसुस गरुन् । साथै हाम्रो नगरपालिका तथा समुदायमा आउनु हुने आगन्तुक पाहुनाहरुले पनि नगर तथा समुदाय प्रति सकारात्मक धारणा र अनुभव राखुन् । यसका लागि नगरपालिकाले आफ्ना सबै कर्मचारी, सेवाग्राही, सरोकारवालाहरु, पाहुना र अन्य जो सवै सम्बन्धित छन्, उनीहरुको निम्ति केही ब्यवहारीक अपेक्षा राखेको छ । जसलाई हामी **आचार संहिता** भन्दछौं । जुन यस प्रकार छन्:

**११.२.१ सेवाग्राही, सरोकारवालाहरु, पाहुना, कर्मचारी वा वडा, नगरपालिकासंग सम्बन्धित सबैसंग निम्न ब्यवहारको अपेक्षा गरिन्छ ।**

- सबै बालबालिकाहरुलाई समान ब्यवहार गर्नु पर्दछ ।
- बालबालिकाको भनाईलाई आदर र सम्मान गर्नु पर्दछ ।
- हरेक सेवाग्राही, सरोकार वालाहरु कर्मचारीहरु र पाहुनाहरुले आंफु बाल शोषण र दुराचार संम्बन्धि मुद्धामा नपरेको प्रमाण पेश गर्नुपर्दछ ।

- वडा नगर संग सम्बन्धित पाहुना तथा सरोकार वालाहरु कार्य क्षेत्रको भ्रमणमा जांदा अनिवार्य रुपमा वडा,नगरको बालबालिकासंग सम्वन्धी समितिका प्रतिनिधिहरुसंग जानुपर्दछ ।
- बालबालिकाको इच्छा बिपरित उनीहरुसंग कुरा गर्न पाइँदैन ।
- तस्बीरहरु लिनु अघि बालबालिका र अभिभाबकसंग अनुमति लिनु पर्नेछ ।
- बालबालिकासंग कनै पनि किसिमको शारिरीक सम्बन्ध राख्न पाईने छैन । यस्ता कियाकलापहरुलाई प्रोत्साहन दिने वा झल्काउने कुनै पनि किसिमका सामग्रीहरु पठाउन वा दिन पाईनेछैन साथै यस्ता शब्दहरुको प्रयोग समेत पनि गर्न पाईनेछैन ।
- समुदायलाई स्विकार्यहुने खालका भेषभुषा मात्र लगाउनु पर्नेछ ।
- बालबालिकाहरुलाई कुटपिट गर्नु तथा शारिरीक यातना दिनुको सट्टा उसलाई अनुशासनमा राख्न अरु बिकल्प अपनाउन प्रोत्साहन गर्नु पर्दछ ।
- बालबालिकाले जस्तो ब्यवहार गरेतापनि उनीहरुलाइ र उनिहरुसंग ठीक किसिमको ब्यवहार गर्नु सबैको जिम्मेवारी रहनेछ ।

**११.२.२ ध्यान दिनु पर्ने कुराहरु** :

- आफ्नो कार्य क्षेत्रमा कनै किसिमका बाल शोषण वा दुराचार भएको खण्डमा बालमैत्री स्थानीय शासन समिति वा बालअधिकार समिति, प्रमुख तथा पदाधिकारीलाई तुरुन्तै जानकारी दिनुपदर्छ ।
- त्यस्ता मुद्धाहरुलाई प्रतिउत्तर दिन नगरपालिकाको आफ्नै निती र प्रकियाहरु छन् ।
- बालअधिकार उल्लघंन हुन नदिन सधै सचेत र क्रियाशील रहनु पर्दछ । बालअधिकार उल्लघन भएको पाईएमा तुरन्त त्यसको आवाज उठाउने छौ भनि प्रतिबद्धताका साथ बालबालिका सम्बन्धी नीति पालना गर्नुपर्दछ

- हामी १८ बर्ष भन्दा कम उमेरका मानिसलाई बालबालिका भनी मान्दछौं । बालबालिकाको सुरक्षालाई ध्यानमा राखी लागु गरिएको यो नीतिलाई तपाईहरु सबैले आफनो ठाउं र संस्कृति अनुसार पालना गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछौं ।

## खण्ड पाँच
## अनुगमन, नियमन र पुनरावलोकन

### १२. अनुगमन र मूल्याङ्कन

भुमिकामा रहेका सबैले आ अफनौ तर्फबाट अनुगमन गर्नु पर्नेछ । अनुगमन गरेका विषयहरुमा प्रगति प्रतिवेदन मार्फत नगरपालिकामा पेश गर्नु पर्ने छ । प्राप्त प्रतिवेदनको आधारमा बालमैत्री स्थानीय शासन समिति र बालअधिकार समितिबाट वार्षिक रूपमा जिल्ला तथा प्रदेशस्तरको बालअधिकार समितिमा पेश गर्ने । उक्त प्रतिवेदनमा बाल अधिकारका विषयहरूमा स्थानीय व्यवस्थापिका, कार्यपालिका तथा बालअधिकार समितिमार्फत भएका कार्यहरू, न्यायिक समितिमा आएका बालबालिकासँग सम्बन्धित उजुरी, त्यसउपर भएको निर्णय, त्यसको कार्यान्वयनको स्थिति समेत समावेश गरिनेछ । बालबालिका सम्बन्धी नीति कार्यान्वयनको अनुगमन बालअधिकार समितिले कार्ययोजना बनाई आवधिक रूपमा गर्नेछ । बालअधिकार समितिले आवश्यक ठानेमा छुटटै अनुगमन तथा मूल्यांकन समिति बनाई त्यस समितिमार्फत बालबालिका सम्बन्धी नीति कार्यान्वयनको अनुगमन मूल्याङ्कन गर्नसक्नेछ ।

### १३. नीतिको पुनरावलोकन र सुधार

बालबालिका सम्बन्धी नीतिलाई कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको आधारमा आवश्यक महसुस भएमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ । बालबालिका सम्बन्धी नीति कार्यान्वयनका सवालमा सम्बन्धित सरोकारवालाहरूबाट आएका सुझाव, गुनासाहरूलाई समेत मूल्याङ्कनमा समावेश गरिनेछ । यसरी प्राप्त सुझाव

सल्लाहका आधारमा नीतिमा समय सान्दर्भिक परिमार्जन तथा संशोधन गरिनेछ । संशोधित बालबालिका सम्बन्धी नीति नगरकार्यपालिकाको बैठक तथा नगर सभाले अनुमोदन गरेपछि मात्र लागू हुन्छ ।

## १४. खारेजी र बचाउः

यो बालबालिका सम्बन्धी नीति लागू भएपछि साविक बालबालिका सम्बन्धी नीतिका आधारमा गरिएका कार्यहरू पनि यस बालबालिका सम्बन्धी नीतिकै आधारमा भए/गरेको मानिनेछ ।

आज्ञाले,

हरिदत्त कँडेल

प्रमुख प्रशासकीय अधिकृत